# संविधानसभा
# नागरिक सम्वन्ध समिति
# को
# प्रतिवेदन, २०६८



संविधानसभा

नागरिक सम्वन्ध समिति

संविधानसभा सचिवालय

सिंहदरवार, काठमाडौं ।

## संविधानसभा

# नागरिक सम्वन्ध समिति

## को

# प्रतिवेदन, २०६८

संविधानसभा
नागरिक सम्वन्ध समिति
संविधानसभा सचिवालय
सिंहदरवार, काठमाडौं ।

# संविधानसभा
# नागरिक सम्बन्ध समिति

पत्रसंख्या :-
च.नं.:-

संसद भवन, सिंहदरवार
काठमाडौं ।

मिति :- २०६८।२।११

सम्माननीय अध्यक्षज्यू,
संविधानसभा ।

विषयः- समितिको प्रतिवेदन पेश गरेको वारे ।

संविधानसभा नियमावली, २०६५ को नियम ७४(१)(ग) ले दिएको जिम्मेवारी तथा कार्यक्षेत्रलाई मध्येनजर गर्दै नागरिक सम्वन्ध समितिले तयार गरेको यो प्रतिवेदन समितिको मिति २०६८।२।१० को वैठकले पारित गरी सम्माननीय अध्यक्षज्यू मार्फत संविधानसभामा पेश गर्ने निर्णय गरेकोले यो प्रतिवेदन प्रस्तुत गर्दछु ।

(मीना पाण्डे )
सभापति
संविधानसभा
नागरिक सम्वन्ध समिति ।

फोन नं. ४२००११५ फ्याक्स नं. ४२००२९६ **E-mail : crc@can.gov.np Web site : www.can.gov.np**

# संविधानसभा

## नागरिक सम्वन्ध समिति

### सभापति

मा० श्री मीना पाण्डे

### सदस्यहरु

| | |
|---|---|
| १. | मा० श्री आशाकुमारी सरदार |
| २. | मा० श्री उमाकान्त शर्मा |
| ३. | मा० श्री उर्मिला महतो कोईरी |
| ४. | मा० श्री किरणकुमार राई |
| ५. | मा० श्री केशवप्रसाद मैनाली |
| ६. | मा० श्री कृष्णकुमार चौधरी |
| ७. | मा० श्री चन्द्रीराम टमटा |
| ८. | मा० श्री जगतबहादुर ताजपुरीया |
| ९. | मा० श्री जनार्दन शर्मा |
| १०. | मा० श्री जुब्बा सोरेन |
| ११. | मा० श्री झक्कुप्रसाद सुवेदी |
| १२. | मा० श्री टिकाराम सुब्बा लेप्चा |
| १३. | मा० श्री दुधकुमारी हमाल |
| १४. | मा० श्री देवराज जोशी |
| १५. | मा० श्री धर्मप्रसाद घिमिरे |
| १६. | मा० श्री नजिर मिया |
| १७. | मा० श्री नारदमुनी राना |
| १८. | मा० श्री नारायण प्रसाद अधिकारी |

| | |
|---|---|
| १९. | मा० श्री पार्वती थापा (श्रेष्ठ) |
| २०. | मा० श्री पुरुषोत्तम बस्नेत |
| २१. | मा० श्री प्रकाश पाखिन |
| २२. | मा० श्री बिमला मिजार |
| २३. | मा० श्री मुहम्मद वकिल मुसलमान |
| २४. | मा० श्री राजकिशोर यादव |
| २५. | मा० श्री रामजीप्रसाद शर्मा |
| २६. | मा० श्री रामरती राम |
| २७. | मा० श्री रामवती चौधरी |
| २८. | मा० श्री ललिता किङरिङ मगर |
| २९. | मा० श्री लक्ष्मी गुरुङ |
| ३०. | मा० श्री विश्वनाथ प्रसाद यादव |
| ३१. | मा० श्री शान्ता न्यौपाने |
| ३२. | मा० श्री सविना बराम |
| ३३. | मा० श्री साबित्रा भुसाल |
| ३४. | मा० श्री सुनीता कुमारी महतो |
| ३५. | मा० श्री हर्कबहादुर सिंह |
| ३६. | मा० श्री हेमबहादुर श्रेष्ठ |

व्यवस्थापिका-संसद सचिवालय

## संविधानसभा सचिवालय र समिति सचिवालयका कर्मचारीहरु :

| | |
|---|---|
| श्री मनोहरप्रसाद भट्टराई | - महासचिव |
| श्री ठाकुरप्रसाद वराल | - सचिव |
| श्री धनबहादुर श्रेष्ठ | - सह-सचिव/समिति सचिव |
| श्री बालकृष्ण सुवाल | - उप-सचिव |
| श्री रत्नबहादुर मानन्धर | - शाखा अधिकृत |
| श्री सहजित राई | - शाखा अधिकृत |
| श्री जगदिश न्यौपाने | - कम्प्युटर अपरेटर |
| श्री लक्ष्मी प्रसाद ओझा | - ना.सु. |
| श्री राधेश्याम मिश्र | - का.स |
| श्री शिवराज श्रेष्ठ | - का.स |
| श्री बालकृष्ण न्यौपाने | - मालि |

### मुद्रण तर्फ :

| | |
|---|---|
| श्री पुष्पमुनी बज्राचार्य | - प्रमुख मुद्रण अधिकृत |
| श्री जगदिश्वरलाल श्रेष्ठ | - मुद्रण अधिकृत |
| श्री प्रेमलाल तण्डुकार | - मुद्रण अधिकृत |
| श्री सागर कुमार तुलाधर | - मुद्रण अधिकृत |
| श्री गंभीरमान सिंह | - सि. प्रे. टे. |
| श्री राजेन्द्र प्रसाद लामिछाने | - सि. प्रे. टे. |
| श्री प्रेमबहादुर चन्द | - प्रे. टे. |
| श्री मदन गिरी | - का.स |

सम्माननीय अध्यक्षज्यू,
संविधानसभा ।

संविधानसभा नियमावली, २०६५ को नियम ६७ अनुसार संविधान सभा, नागरिक सम्वन्ध समिति गठन भएको छ र यस समितिको पाँचवटा कार्यक्षेत्र रहेको छ । नागरिक सम्वन्ध समितिले शुरुदेखि हालसम्म भए गरेका कार्यहरुको संक्षिप्त विवरण पेश गरेको छ । संविधानसभामा आम नागरिकको सहज पहुंचको संयन्त्र निर्माण गर्ने र सो को कार्यान्वयन गर्ने, संविधानसभाको संविधान निर्माण प्रकृया र यसको नियमित गतिविधिका बारे प्रभावकारी सूचना सम्प्रेषणको व्यवस्था गर्ने, सहयोगीहरुसंग समन्वय गर्ने, संविधानसभाको नियमित कार्यहरुका बारे सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-सस्था, नागरिक समाज र सञ्चार माध्यमबाट सञ्चालित सम्पूर्ण गतिविधिहरुको अनुगमन र मूल्याकंन गर्ने, नागरिकलाई संविधान निर्माणमा सहभागी हुने प्रकृया बारे जानकारी गराउने, मिडिया सेन्टरको अनुगमन गर्ने सम्मको कार्य यस समिति भित्र पर्दछ । नागरिक सम्वन्ध समितिको प्रथम वैठक मिति २०६५ पुष १ गते समितिका जेष्ठ सदस्य मा० श्री जगतबहादुर ताजपुरियाको सभापतित्वमा बस्यो । मिति २०६५ साल पुष ४ गते बसेको समितिको वैठकबाट समितिका सदस्य मा० श्री सावित्रा भुसालको संयोजकत्वमा नौ सदस्यीय कार्य तालिका निर्माण गर्न उपसमिति गठन गरी कार्यतालिका निर्माण गरिएको थियो । सोही सन्दर्भमा समितिको कार्यतालिका वनाई, सोही तालिका अनुसार विभिन्न नागरिक समाज, आम नागरिक, बुद्धिजिवी, पत्रकार, नेपाल सरकारका उच्च पदस्थ कर्मचारीहरु लगायत विषय विज्ञ समेतको उपस्थितिमा उहाँहरु वीच व्यापक रुपमा छलफल र अन्तरक्रिया भएको थियो ।

सवै जिल्लाहरुमा चालीस वटा टोली वनाई माननीय सदस्य र सचिवालयका कर्मचारीहरु समेतको संलग्नतामा आम जनतासँग राय सुझाव संकलन गर्ने कार्य भएको थियो । नागरिक सम्वन्ध समिति समक्ष व्यक्ति, संस्थाहरुबाट तथा विभिन्न ४० वटा टोलीहरुबाट प्राप्त भएका सुझावहरु विषयगत समितिमा पठाउनको लागि अध्ययन गरी कुन विषयगत समिति हो, सो छुट्याई पठाउन मा० श्री देवराज जोशीको संयोजकत्वमा ६ सदस्यीय उपसमिति गठन गरी विभिन्न मितिमा सम्वन्धित विषयगत समितिसँग सम्वन्धित समितिमा पठाउने कार्य भएको थियो ।

टोलीबाट प्राप्त भएका सुझाव जम्मा ४२८९८८, स्रोत नखुलेको नागरिक सम्वन्ध समितिभित्र मात्र प्राप्त भएका सुझाव जम्मा २५०९३, इमेलबाट ११६, स्रोत खुलेको नागरिक सम्वन्ध समितिमा प्राप्त जम्मा ९५५६६ समेत गरी विभिन्न माध्यमबाट प्राप्त भएका राय सुझावहरु जम्मा ५४९७६३ विभिन्न सम्वन्धित विषयगत समितिमा नागरिक सम्वन्ध समितिबाट पठाउने कार्य भएको थियो ।

त्यस्तै नागरिक सम्वन्ध समितिको मिति २०६६।३।२२ गते वसेको वैठकले मिडिया (संचार) माध्यमको परिचालन सम्वन्धी विस्तृत कार्य योजना वनाई समिति समक्ष पेश गर्न मा० सदस्य श्री नारायण प्रसाद अधिकारीको संयोजकत्वमा ९ सदस्यीय मिडिया परिचालन सम्वन्धी उपसमिति गठन गरिएको थियो ।

नागरिक सम्वन्ध समितिको मिति २०६८।१।१२ गते वसेको वैठकले मा० सदस्य श्री नारायण प्रसाद अधिकारीको संयोजकत्वमा सात सदस्यीय प्रकाशन उपसमिति गठन गरेको थियो । सोही वैठकले सोही दिन मा० सदस्य श्री हर्कबहादुर सिंहको संयोजकत्वमा सात सदस्यीय अनुगमन उपसमिति पनि गठन भै उपसमितिहरुले आ-आफ्नो कार्य गरिरहेको कुरा पनि अवगत गराउन चाहन्छु ।

उक्त राय सुझाव लिन जाने कार्यमा हाम्रो यथेष्ट रुपमा गृह कार्य नभएतापनि जनतामा गै आम जनताको व्यापक राय सुझाव लिने कार्यमा संविधानसभाका सवै माननीय सदस्यज्यूहरु, संविधानसभा सचिवालयका सम्पूर्ण कर्मचारीहरु, जिल्ला जिल्लाबाट सहयोग गर्नु हुने प्रमुख जिल्ला अधिकारीहरु, जिल्ला स्थित कार्यालय प्रमुखहरु एवं उक्त राय सुझाव संकलन गर्ने कार्यमा खटिने सम्वन्धित जिल्लाका सवै कर्मचारीहरु, गा.वि.स. सचिवहरु, जिल्लास्थित सुरक्षा प्रमुख लगायत सवै सुरक्षा कर्मीहरु, नागरिक समाजका अगुवाहरु, पत्रकार, बुद्धिजिवी, राजनीतिक पार्टीका सम्पूर्ण कार्यकर्ताहरु तथा आम नागरिकहरुको राय सुझाव संकलन गर्ने कार्यमा सहयोग गर्नुहुने सवै प्रति समितिको तर्फबाट धन्यवाद एवं आभार व्यक्त गर्न चाहन्छु । यस महान कार्यमा लागदालाग्दै सभासद स्व. वोध नारायण सरदारको सडक दुर्घटनामा तथा सचिवालयका कर्मचारी शा.अ. स्व. नेमराज शाक्यको हृदयघातका कारण दिवंगत भयो । उहाँहरुको चिर शान्तिको कामना गर्दै उहाँहर प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु र उहाँहरुको शोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछु ।

यस प्रकृयाबाट माननीय सदस्य र कर्मचारीहरु समेतको ४० वटा टोली वनाई आम जनताको राय सुझाव संकलन गरी आएका सुझावहरु सम्वन्धित विषयगत तथा संवैधानिक समितिहरुमा पठाई सोही आधारमा विषयगत समितिहरुले संविधानको मस्यौदा तयार गर्न सकेको सवैमा विदितै छ ।

अन्त्यमा, समितिको कार्य सम्पादनका क्रममा समितिका हरेक गतिविधिहरुमा चासो राखी आवश्यक निर्देशन दिई हौसला प्रदान गर्नु हुने संविधानसभाका सम्माननीय अध्यक्षज्यू एवं माननीय उपाध्यक्षज्यू प्रति समितिका तर्फवाट विशेष आभार व्यक्त गर्दछु । समितिका हरेक क्रियाकलापमा सक्रियतापूर्वक सहभागी भई आ-आफ्नो भूमिका निर्वाह गर्नु हुने समितिका सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । समितिको कार्यसम्पादनका क्रममा सहयोग पुऱ्याउनु हुने सरकारी तथा गैह्र सरकारी क्षेत्रका पदाधिकारी/व्यक्तित्वहरु, विभिन्न संघ-संस्था तथा राजनैतिक दल एवं नागरिक समाजका प्रतिनिधिहरु, विषयविज्ञहरु तथा पत्रकारहरुप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु । समितिको काममा समन्वयात्मक रुपमा सहयोग पुऱ्याउनु हुने संविधानसभा सचिवालका महासचिवज्यू एवं सचिवज्यू, निरन्तर रुपमा समिति व्यवस्थापनमा खटिनु हुने समिति सचिवालयका सम्पूर्ण कर्मचारीहरु लगायत प्रस्तुत प्रतिवेदनको मुद्रणमा सहयोग पुऱ्याउनु हुने संविधानसभा सचिवालयको मुद्रण शाखाका कर्मचारीहरु समेतलाई समितिका तर्फवाट हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद !

२०६८ जेष्ठ

(मीना पाण्डे )<br>
सभापति<br>
संविधानसभा<br>
नागरिक सम्वन्ध समिति ।

# विषयसूची


विषय — पेज नं.

**भाग १**

**प्रारम्भिक खण्ड**

१.१ पृष्ठभूमि — १

१.२ कार्यक्षेत्र — १

१.३ काम, कर्तव्य र अधिकार — २

१.४ सभापति चयन — २

१.५ नागरिक सम्वन्ध समितिको कार्यतालिका — २

१.६ नागरिकलाई संविधान निर्माणमा सहभागी हुने प्रक्रियावारे जानकारी — ३

१.६.१ आम नागरिकहरुको संविधान निर्माण प्रक्रियामा सहभागीता — ३

१.६.२ संविधानसभाको राय सुझाव संकलन प्रक्रिया — ३

१.७ समितिको मिति २०६५।९।१ देखि ०६६।२।३० सम्म वसेका मुख्य वैठकहरु — ४

**भाग २**

**विस्तारित खण्ड**

**समितिले सम्पादन गरेका कार्यहरु**

२.१. सुझाव अध्ययन उपसमिति — ९

२.२. मिडिया (संचार) परिचालन सम्वन्धी उपसमिति गठन — ११

२.२.१ मिडिया (संचार) परिचालन सम्वन्धी प्रतिवेदन, २०६६ — १५

२.२.२ मिडिया (संचार) परिचालन सम्वन्धी संचार रणनीति — १७

२.३ समितिको मिति २०६६।५।१४ देखि ०६६।११।६ सम्म वसेका मुख्य वैठकहरु — २५

२.४ संविधानसभाको सूचना सम्प्रेषण गर्ने, समन्वय गर्ने र संयन्त्र निर्माण — २६

२.५. समितिले आफ्नो कार्य क्षेत्र भित्र रही विभिन्न मितिहरुमा वसेको वैठकहरुको निर्णयानुसार हालसम्म सम्पन्न गरेको कार्यहरु — २६

२.६ समितिको मिति २०६७।१२।२५ देखि ०६८।१।१२ सम्म वसेका मुख्य वैठकहरु — २९

**अनुसूची खण्ड**

अनुसूची- १ : नागरिक सम्बन्ध समितिको कार्य सम्पादन गर्ने कार्यतालिका — ३०

अनुसूची-२ : राय सुझाव पठाउने ठेगाना — ३६

## भाग १

## प्रारम्भिक खण्ड

### १.१ पृष्ठभूमि

संविधानसभा नियमाली, २०६५को परिच्छेद-११, नियम ६४ ले संविधान निर्माण तथा सो सँग सम्वद्ध कार्यलाई प्रभावकारी एवं व्यवस्थित बनाउनका लागि संविधानसभा अन्तर्गत संवैधानिक समिति, विभिन्न विषयगत समितिहरु तथा प्रक्रियागत समितिहरुको गठन भएको छ । सोही नियमावलीको नियम ६५ ले व्यवस्था गरे अनुसार संविधानसभामा एक संवैधानिक समिति गठन गरिएको छ । त्यस्तै नियम ६६ अनुसार विषयगत समिति तथा नियम ६७ अनुसार प्रक्रियागत समितिहरुको गठन भएको छ ।

संविधान निर्माण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक पर्ने महत्वपूर्ण प्रशासनिक र प्रक्रियागत कार्यमा समेत सहयोग पुर्‍याउनका लागि संविधानसभा नियमावली, २०६५ को नियम ६७ (१) ले संविधानसभा अन्तर्गत नागरिक सम्बन्ध समितिको गठनको व्यवस्था गरेको छ । सोही व्यवस्था वमोजिम ३७ सदस्यीय नागरिक सम्बन्ध समिति गठन गरेको छ । हाल समितिको सभापतिमा मा. श्री मिना पाण्डे हुनुहुन्छ । संविधान निर्माण प्रकृयाका सम्बन्धमा आम नागरिकहरुसंग सम्बन्ध स्थापित गरी संविधानसभाको गतिविधि र आम नागरिकसंग सुसम्बन्ध स्थापना गर्नु समितिको मुख्य उद्देश्य हो । समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषयमा गर्ने कामको सूची तथा सो कार्य सम्पन्न गर्न कार्यतालिका तयार गरी अध्ययन सामाग्री संकलन, अध्ययन तथा छलफल गर्ने तथा त्यसका लागि आवश्यक उपसमिति गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने, आफ्नो काम तोकिएको समयभित्र पूरा गरी त्यसको प्रतिवेदन पेस गर्ने तथा सभाले सुम्पेको अन्य कार्य गर्न सक्ने व्यवस्था छ ।

### १.२ कार्यक्षेत्र

संविधानसभा नियमावली, २०६५ को नियम ६७ (१) ले नागरिक सम्वन्ध समितिलाई देहायको कार्यक्षेत्र तोकेको छः

- संविधानसभामा आम नागरिकको सहज पहुँचको संयन्त्र निर्माण र सो को कार्यान्वयन गर्ने ।
- संविधानसभा, संविधान निर्माण प्रकृया र यसको नियमित कियाकलाप बारे प्रभावकारी सूचना सम्प्रेषणको व्यवस्था र अन्य सहयोगीहरुसँग समन्वय गर्ने ।

- संविधानसभा, संविधान निर्माण प्रकृया र यसको नियमित कियाकलाप बारे सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था, नागरिक समाज र सञ्चार माध्यमबाट संचालित सम्पूर्ण गतिविधिहरुको अनुगमन र मूल्याङ्क गर्ने ।
- नागरिकलाई संविधान निर्माणमा सहभागी हुने प्रकिया बारे जानकारी गराउने ।
- मिडिया सेन्टरको अनुगमन गर्ने ।

## १.३ काम, कर्तव्य र अधिकार

संविधानसभा नियमावली, २०६५ को नियम ७४ (१) ले नागरिक सम्वन्ध समितिलाई देहायको काम, कर्तव्य र अधिकार तोकेको छः

(क) आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषयमा गर्नुपर्ने कामको विवरण (कार्य सूची) तयार पार्ने र सो कार्य सम्पन्न गर्ने कार्य तालिका निर्माण गर्ने ।

(ख) आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषयवस्तुमा अध्ययन, अनुसन्धान तथा अन्य काम गर्न आवश्यकता अनुसार उपसमितिहरु गठन गरी तिनीहरुको काम, कर्तव्य र अधिकार समेत तोक्ने ।

(ग) आफ्नो जिम्मेवारी भित्रको कार्य निर्धारित समय भित्र निर्धारित तरिकाले सम्पादन गरी सो सम्बन्धी प्रतिवेदन सभामा पेश गर्ने ।

(घ) सभाले सुम्पेको अन्य कार्य गर्ने ।

## १.४ सभापति चयन

समितिको मिति २०६५।९।२९ को वैठकले सर्वसम्मत समितिको सभापतिमा मा० सदस्य श्री मीना पाण्डेलाई संविधानसभा नियमावली, २०६५ को नियम ७० (४) बमोजिम निर्वाचित गऱ्यो ।

## १.५ नागरिक सम्वन्ध समितिको कार्यतालिका

नागरिक सम्वन्ध समितिको मिति २०६५।०९।०४ गते वसेको वैठकले समितिको कार्यतालिका तयार गरी यही २०६५ पुष १५ गते भित्र समिति समक्ष पेश गर्ने कार्यको लागि मा० श्री सावित्रा भुसालको संयोजकत्वमा मा० श्री झक्कुप्रसाद सुवेदी, मा० श्री इस्लाममीया धोवी, मा० श्री मीना पाण्डे, मा० श्री देवराज जोशी, मा० श्री रामजीप्रसाद शर्मा, मा० श्री विश्वनाथ प्रसाद यादव, मा० श्री विमल कुमार केडिया र मा० श्री केशवप्रसाद मैनाली सदस्य रहेको नौ सदस्यीय उप-समिति गठन गर्ने निर्णय गरि समितिको मिति २०६५।९।११ गते वसेको वैठकले उप-समितिले पेश गरेको कार्यतालिकामा छलफल गरियो । सो कार्यतालिका मिति २०६५।१०।१४ गते वसेको सम्मानननीय

सभामुखज्यूको अध्यक्षतामा संविधानसभाका विभिन्न समितिका मा० सभापतिज्यूहरुको संयुक्त वैठकबाट निर्दिष्ट भए वमोजिम थप कार्यक्षेत्र र कार्यतालिका (कार्यतालिका अनुसूचीमा उल्लेख छ) पारित भएको थियो ।

## १.६ नागरिकलाई संविधान निर्माणमा सहभागी हुने प्रकियाबारे जानकारी

### १.६.१. आम नागरिकहरुमा संविधान निर्माण प्रकृयामा सहभागिता

नागरिक सम्वन्ध समितिको मिति २०६५।०९।२७ गते वसेको वैठकले आम नागरिकहरुमा संविधान निर्माण प्रकृयामा सहभागिताका लागि देहाय अनुसारका सूचना प्रकाशन तथा प्रसारित गर्ने निर्णय भएको थियो ।

- सूचना प्रसारण रेडियो नेपाल, कम्युनिकेशन कर्नर, कान्तिपुर एफ.एम., नेपाल एफ.एम. नेटवर्क, रेडियो सगरमाथा, नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन, इमेज च्यानल, सगरमाथा च्यानल, ए.वी.सी. न्यूज टेलिभिजन, च्यानल नेपाल साथै Print Media मा गोरखापत्र, The Rising Nepal, कान्तिपुर राष्ट्रिय दैनिक, अन्नपूर्ण पोष्ट रा. दैनिक, नयाँ पत्रिका, हिमालयन राष्ट्रिय दैनिक, The Kathmandu Post, The Himalayan times, ई नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गर्ने समेत निर्णय गरेको थियो ।
- प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीहरुलाई सुझाव संकलनको लागि Focal Point तोकि जिल्लामा सुझाव संकलनमा समन्वय गर्न अनुरोध गर्ने निर्णय गरिएको थियो ।
- सवै सरकारी निकायहरुमा संविधान निर्माणमा सुझाव संकलनका लागि सम्पर्क कार्यलय तोक्ने छलफल गरियो । साथै सम्वन्धित सरकारी कार्यालयहरुले प्राप्त सुझाव दर्ता गरी संविधानसभा, नागरिक सम्वन्ध समितिमा पठाईदिन अनुरोध गर्ने निर्णय गरिएको थियो ।
- सवै तहका सरकारी कार्यालयमा सुझाव पेटिका राख्न अनुरोध गर्ने निर्णय गरियो । प्राप्त सुझावहरुलाई संविधानसभा नागरिक सम्वन्ध समितिमा पठाउन समेत अनुरोध गर्ने निर्णय गरिएको थियो ।

### १.६.२ संविधानसभाको राय सुझाव संकलन प्रक्रिया

नागरिक सम्वन्ध समितिको मिति २०६५।११।०६ गते वसेको वैठकले संविधानसभाको राय सुझाव संकलन गर्न जाने टोली सम्बन्धी निम्नानुसार निर्णय गर्‍यो ।

- सूचना तथा विज्ञापन वितरण मापदण्ड निर्धारण गर्ने तथा राय सुझाव संकलन गर्न आम नागरिकको सहभागिताको लागि निर्वाचन आयोगले अपनाएको विधि अनुसरण गरी केन्द्रीय तथा स्थानीयस्तरका समेत सरकारी तथा निजी क्षेत्रमा संचालित संचार माध्यमहरु परिचालन गर्ने छलफल गरियो ।

- संविधानसभाको राय सुझाव संकलन गर्न जाने टोलीको कार्यमा जनताको पहुँच पुर्‍याउनको लागि संविधानसभामा रहेका २५ वटा राजनैतिक दललाई राजनैतिक दलका संगठनहरु, तिनका जनवर्गिय संगठन वा भातृ भगिनी संगठनहरुलाई परिचालन गर्न अनुरोध गर्ने छलफल भएको थियो ।
- संविधानसभाको ४० वटा टोलीहरु राय सुझाव संकलन गर्न जाने कार्यका लागि पूर्व व्यवस्थाका लागि निम्न कार्य गरिदिन मुख्य सचिव, गृह सचिव, स्थानीय विकास सचिव, स्वास्थ्य तथा शिक्षा मन्त्रलयका सचिवहरुलाई पत्राचार गर्ने कार्य भएको थियो ।
  - जिल्ला र गाउँसम्म पुग्ने सुझाव संकलन टोली र उपटोलीका लागि समेत आवश्यक जनशक्ति सम्वन्धीत जिल्लाबाट खटाउने व्यवस्था गरिदिने ।
  - टोलीलाई आवश्यक सुरक्षा प्रवन्ध गरिदिने ।
  - सवारी साधनको इन्धन सम्वन्धित टोलीले नै व्यहोर्ने गरी सवारी साधनको व्यवस्था गरिदिने ।
  - जिल्लामा रहेका अतिथि गृहहरु, होटल, लज इत्यादि सुझाव संकलन टोली, उपटोलीको लागि व्यवस्था गरीदिने ।
  - सुझाव संकलन टोलीको निर्धारित कार्यक्रम अनुरुपको सुझाव संकलन गर्ने स्थानको चयन, सूचना संप्रेशण र जनसहभागिताका लागि गरिनुपर्ने सम्पूर्ण व्यवस्था गरिदिने ।
  - स्थानीय स्तरमा रहेका सम्पूर्ण जिल्लाका कार्यालयहरुका कर्मचारीहरुलाई सुझाव संकलन टोलीलाई आवश्यक पर्ने सहयोग पुर्‍याउन आवश्यक निर्देशन दिने ।
- प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी र जिल्ला स्थित सवै सुरक्षा निकायका प्रमुखहरुलाई सुझाव संकलन टोलीको लागि आवश्यक पर्ने सहयोग पुर्‍याउने कार्यमा उच्च प्राथमिकता सहित संलग्न रहन निर्देशन दिने ।

### १.७. नागरिक सम्वन्ध समितिको मिति २०६५।९।१ देखि ०६६।२।३० सम्म वसेका मुख्य वैठकहरु

| मिति | प्रमुख कार्य/छलफलहरु |
|---|---|
| २०६५/९/१ | ▪ समितिको आजको वैठकमा समितिको कार्य प्रक्रिया प्रारम्भ गर्नको निम्ति आवश्यक संयन्त्र निर्माण सम्वन्धमा छलफल भएको थियो । |
| २०६५/९/४ | ▪ संविधानसभाका अन्य समितिहरुले गरेका काम कारवाहीहरुका वारेमा सूचना संकलन गरी त्यसको सम्प्रेषण गर्ने प्रयोजनको लागि यस समिति अन्तर्गत रहने गरी एउटा सूचना केन्द्र स्थापना हुनुपर्ने ।<br>▪ समितिको कार्यतालिका तयार गरी यही २०६५ पुष १५ गते भित्र समिति समक्ष पेश गर्ने कार्यको लागि मा० श्री सावित्रा भुसालको संयोजकत्वमा नौ सदस्यीय उप-समिति गठन भएको थियो । |
| २०६५/९/११ | उप-समितिले पेश गरेको कार्यतालिकामा छलफल भएको थियो । |
| २०६५/९/१८ | ▪ नागरिक सम्वन्ध समितिको वैठकमा मा० राधेश्याम अधिकारी, मा० खिमलाल देवकोटा, मा० अग्नि प्रसाद खरेल, मा० पुष्पा भुसाल, मा० सपना प्रधान मल्ललाई आमन्त्रण गर्ने ।<br>▪ २०६५ पुष २७ गते ११ वजे वस्ने वैठकमा छलफलका लागि सम्पूर्ण |

| | |
|---|---|
| | मन्त्रालयका सचिवहरुलाई आमन्त्रण गर्ने । |
| २०६५/९/२२ | ▪ कार्यतालिकाका सम्वन्धमा समितिका मा० सदस्यहरु र विज्ञहरु वीचमा व्यापक छलफल भएको थियो । |
| २०६५/९/२९ | ▪ यस समितिको बैठकमा संविधानसभा नियमावली, २०६५ को नियम ७० को उपनियम २ वमोजिम संविधानसभा नागरिक सम्वन्ध समितिका मा० सदस्य श्री मीना पाण्डेलाई समितिको सभापति पदमा निर्वाचित गरियोस् भन्ने माननीय सदस्य श्री टिकाराम लेप्चाको प्रस्तावलाई माननीय सदस्य श्री देवराज जोशीले समर्थन गर्नु भई संविधानसभा नियमावली २०६५ को नियम ७० को उपनियम ४ वमोजिम माननीय सदस्य श्री मीना पाण्डे यस समितिको सभापतिमा निर्विरोध निर्वाचित भएको थियो । |
| २०६५/१०/१ | ▪ मिति २०६५।१०।४ गते शनिवार नयाँ वानेश्वरस्थित लोत्से हलमा दिनको १ वजे सवै मिडिया हाउससँग छलफल तथा अन्तरक्रिया गर्ने विषयमा छलफल भएको थियो ।<br>▪ उक्त कार्यक्रममा मा० संचार मन्त्री, संचार सचिव र सूचना विभागका महानिर्देशकलाई पनि आमन्त्रण गरिएका थिए । |
| २०६५/१०/४ | ▪ संविधान निर्माणमा आम नागरिकहरुको सहज पहुँच पुऱ्याउने सम्वन्धमा मिडिया हाउसहरुसँग व्यापक छलफल भएको थियो । |
| २०६५/१०/६ | ▪ आएका सुझावहरुका सम्वन्धमा उपसमिति गठन गर्ने विषयमा व्यापक छलफल भएको थियो । |
| २०६५/१०/१२ | संविधान निर्माणमा आम नागरिकहरुको सहज पहुँचका लागि विभिन्न संघ संस्थासँग आवद्ध व्यक्तित्वहरुसँग छलफल भएको थियो ।<br><br><u>तपसिल:</u><br>क) नागरिक समाजका व्यक्तित्वहरुसँग/विज्ञ — ०६५।१०।१३ गते विहान ११ वजे<br>ख) मानवअधिकारवादी सँग — ०६५।१०।१५ गते दिउसो २ वजे<br>ग) जनजाती महासँग/जातिय संगठन — ०६५।१०।१६ गते विहान ११ वजे<br>घ) NGO/INGO महासंघ/संघ — ०६५।१०।१७ गते विहान ११ वजे<br>ग) निजी क्षेत्रसँग सम्वन्धित — ०६५।१०।१८ गते विहान ११ वजे<br>२०६५।१०।१३ गते आमन्त्रण गरिने नागरिक समाजका व्यक्तित्वहरुको नामावली :<br>१. श्री गणेश वि.क. — १२. श्री दमननाथ ढुंगाना<br>२. श्री शोभा कार्की — १३. श्री श्याम श्रेष्ठ<br>३. श्री अर्जुन कार्की — १४. श्री कृष्ण श्रेष्ठ<br>४. श्री सर्मिला कार्की — १५. श्री सुन्दरमणी दिक्षित<br>५. श्री दुर्गा घिमिरे — १६. श्री सुवोध प्याकुरेल<br>६. श्री कृष्ण खनाल — १७. श्री सुदिप पाठक<br>७. श्री विष्णु पुकार श्रेष्ठ — १८. श्री कपिल श्रेष्ठ<br>८. श्री तुलाराम दुगड — १९. श्री रेणु राजभण्डारी<br>९. श्री देवेन्द्र राज पाण्डे — २०. श्री परशुराम घिमीरे |

| | |
|---|---|
| | १०. श्री वनवारीलाल मित्तल २१. मानवअधिकार आयोगका अध्यक्ष<br>११. श्री पद्मरत्न तुलाधर |
| २०६५/१०/१३ | ▪ नागरिक समाजका विभिन्न व्यक्तिहरुसँग नागरिक सम्वन्ध समितिको कार्य संजाल विस्तार गर्ने विधि र प्रकृयाको वारेमा व्यापक छलफल भएको थियो । |
| २०६५/१०/१५ | ▪ मानव अधिकारकर्मीहरुसँग नागरिक सम्वन्ध समितिको कार्यलाई विभिन्न माध्यमहरु मार्फत जनतामा पुर्याउने र जनताका भावनालाई संविधानसभामा भित्र्याउने सम्वन्धमा व्यापक छलफल गरिएको थियो । |
| २०६५/१०/१६ | ▪ जनजाती तथा दलित सम्वन्धि संघ संस्थाहरुका प्रतिनिधिहरुसँग वसी समितिको कार्य विस्तार गर्ने संयन्त्र सम्वन्धमा व्यापक छलफल भयो । निजि क्षेत्रहरुसँग वसी छलफल कार्यक्रम मिति २०६५।१०।१९ गते दिनको ११ वजे वसेको थियो । |
| २०६५/१०/१६ | ▪ विभिन्न क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरुसँग वसी नागरिक सम्वन्ध समितिको कार्यक्षेत्र विस्तार गर्ने विधि र उपायका सम्वन्धमा व्यापक छलफल भयो । |
| २०६५/१०/१९ | ▪ मिति २०६५।१०।१४ गते वसेको सम्माननीय सभामुखज्यूको अध्यक्षतामा संविधानसभाका विभिन्न समितिका मा० सभापतिज्यूहरुको संयुक्त वैठकबाट निर्दिष्ट भए वमोजिम थप कार्यक्षेत्र र कार्यतालिका पारित ।<br>▪ संविधान निर्माणको क्रममा आम नागरिकहरुको सहज पहुँचको संयन्त्र निर्माण गर्न केन्द्र देखि जिल्ला तथा स्थानीय तहसम्म नागरिकहरुको व्यापक सहभागीता जनाई सुझाव संकलन गर्न जिल्लामा प्रमुख जिल्ला अधिकारीको समन्वयमा सवै सरकारी कार्यालयका प्रमुखहरु, क्रियाशील राजनितिक दल तिनका भातृ भगिनी संगठनहरु, गैर सरकारी संघ संगठनहरु, सामाजिक संघ संस्थाहरु, वार एसोसियसन, महासंघहरु, जातिय संघ संगठनहरु, आम संचार क्षेत्र तथा निजीक्षेत्रका प्रतिनिधिहरु, महिला, दलित, मुस्लिम, अल्पसंख्यक, आदिवासी जनजातिका प्रतिनिधिहरु, महिला, दलित, मुस्लिम, अल्पसंख्यक, आदिवासी जनजातिका प्रतिनिधिहरु पेशागत संगठनहरु, नागरिक समाजका व्यक्तिहरु, जेष्ठ नागरिक, तेस्रो लिङ्गी, समुदायमा आधारित संघ संगठनहरु, शैक्षिक संस्थाका प्रतिनिधिहरु, लगायत आदिका प्रतिनिधिहरु समावेश गराई जिल्ला समन्वय समिति गठन गर्ने र स्थानीय स्तरमा गा.वि.स. सचिवको समन्वयमा यी माथि उल्लेखित संघ संस्थाका प्रतिनिधिहरु समावेश हुने गरी गाउँ स्तरको समन्वय समिति गठन गर्न प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारीद्वारा पहल गर्न अनुरोध गर्ने निर्णय गरियो । साथै सो कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न गृह मन्त्रलाय, स्थानीय विकास मन्त्रालय, राजनैतिक दलहरु, गैर सरकारी संघ संस्था तथा महासंघ आदिलाई पत्राचार गर्ने निर्णय गरियो ।<br>▪ सयन्त्र निर्माण गर्ने क्रममा प्रत्येक विकास क्षेत्रमा दलिय प्रतिनिधिहरु हुने गरी ७ जना सभासदको टोली जाने तय भएको थियो । |
| २०६५/१०/२० | ▪ राय सुझाव संकलन टोली निर्माण, कार्यप्रकृया र कार्यक्षेत्र सम्वन्धमा छलफल गरियो । |

| | |
|---|---|
| २०६५/१०/२५ | ▪ विभिन्न व्यक्ति तथा संस्थाहरुबाट प्राप्त सुझावहरु विषयगत समितिहरुमा अध्ययन गरी पठाउनको लागि निम्न अनुसार माननीय सदस्यहरु भएको उपसमिति गठन गरिएको थियो ।<br>संयोजक मा० श्री देवराज जोशी<br>सदस्य मा० श्री झक्कु प्र. सुवेदी<br>सदस्य मा० श्री नजिर मिया<br>सदस्य मा० श्री विमल केडिया<br>सदस्य मा० श्री केशव प्र. मैनाली<br>▪ यस उपसमितिमा नेपाल मधेशी जनअधिकार फोरमको तर्फबाट नाम आएपछि थप १ जना सदस्य थपिनेछ । यो समितिको समयावधि आवश्यकतानुसार रहने ।<br>▪ क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समितिबाट प्राप्त सूचना प्रकाशित गरीदिने विषयको पत्रको सम्वन्धमा रेडियो नेपालमा एक पटक वजाउने गरी र गोरखापत्रमा एक पटक (एक अंकमा) छाप्ने गरी पठाउने ।<br>▪ सम्पूर्ण जिल्लाहरुमा सुझाव संकलन टोलीको लागि समितिको तर्फबाट प्राथमिकताक्रम अनुसार मा० सदस्यहरुको नामावली सचिवालयमा पठाउने । |
| २०६५/११/३ | ▪ विज्ञापन वितरण तथा नियमित सूचना सम्प्रेषण गर्ने सम्वन्धमा आवश्यक नीति निर्माण तथा तय गर्न नेपाल सरकारका मा० संचार मन्त्री, संचार सचिव, सूचना विभागका महानिर्देशक, प्रेस काउन्सिलका अध्यक्ष लगायत सम्वन्धित निकायका प्रतिनिधीहरुलाई मिति २०६५।११।६ गते दिनको १ वजे वैठकमा वोलाउने ।<br>▪ मिति २०६५।१०।२५ गते गठन भएको सुझाव अध्ययन उप-समितिले मिति २०६५।१०।२९ गते सम्म समितिमा प्राप्त भएका सुझावको अध्ययन गरी समितिमा प्रतिवेदन पेश गरियो । प्रतिवेदन वमोजिमका प्राप्त सुझावहरुलाई अभिलेख गरी सम्वन्धित विषयगत समितिहरुमा पठाउने । |
| २०६६/१/२ | ▪ नागरिक सम्वन्ध समितिमा २०६५ चैत्र मसान्तसम्म प्राप्त भएका विभिन्न संघ/संस्था, व्यक्तिः तथा टोलफ्रि फोन लगायत विभिन्न माध्यमबाट प्राप्त भएका राय सुझावहरुलाई अध्ययन गरी सम्वन्धित समितिमा पठाउने । |
| २०६६/२/१२ | ▪ संविधानसभाका विषयगत समितिमा हालसम्म राय सुझाव संकलन टोलीबाट र अन्य श्रोतबाट के कति संख्यामा राय सुझावहरु आए सो को विवरण विषयगत समितिहरुबाट माग गर्ने ।<br>▪ संविधानसभाका विभिन्न समितिहरुले हाल सम्म गरेका तथा भइरहेका गतिविधिहरुको विवरण माग गर्ने । |
| २०६६/२/१४ | ▪ संविधानसभाबाट तयार गरिएको संविधानको मस्यौदा वितरण गर्न र सो मस्यौदा माथिको राय सुझाव संकलन गर्ने कार्यको लागि मस्यौदा वितरण गर्ने सम्यन्त्र निर्माण गर्न संविधानसभाको सवै मा० सभासद संलग्न टोली जानु भन्दा अगाडि नै गाउँ गाउँमा मस्यौदा वितरण गर्न जिल्लामा संयन्त्र निर्माण गर्न संविधानसभाका ३ वटै प्रकृयागत समितिका मा० सभासदहरु |

| | |
|---|---|
| | गएर निर्माण गर्ने र सो पश्चात नागरिक सम्वन्ध समिति तथा जनमत संकलन समिति समेतको समन्वयमा टोली निर्माण गरी मस्यौदा माथिको राय सुझाव संकलन गर्ने ।<br>▪ संविधानसभाबाट निर्मित मस्यौदा माथि राय सुझाव संकलन गर्न जाने टोलीको आर्थिक व्यवस्थापन सम्वन्धि स्पष्ट मापदण्ड वनाउने, साथै राय सुझाव संकलन गर्न माइक, voice रेकर्डर आदि जस्ता प्राविधि सामाग्रीहरुको उपटोली समेतलाई पुग्ने गरी व्यवस्था गर्ने । |
| २०६६/२/२३ | ▪ संविधानसभाद्वारा संविधानको मस्यौदा जनतासम्म पुऱ्याउने विधि र संयन्त्रको वारेमा छलफल । |
| २०६६/२/३० | ▪ संविधान मस्यौदा पठाउँदा कम्तिमा १ महिना अगाडि नै गाउँ गाउँमा पठाउनु पर्ने ।<br>▪ नागरिक सम्वन्ध समितिको हालसम्मको कामको प्रारम्भिक प्रतिवेदन तयार गर्ने ।<br>▪ समितिहरुलाई पठाइएको तथ्याँक फरक परेको सम्वन्धमा अव पेश गर्ने अवधारणा पत्रमा मिलाउने सम्वन्धमा समन्वय गर्ने ।<br>▪ मस्यौदा वितरण गर्ने सयन्त्र निर्माणका लागि १४ वटा अन्चलमा विभाजन गरी संयन्त्र वनाउने ३ मस्यौदा वितरण गर्ने कार्यमा प्रकृयागत समितिका मा० सभासदहरुको टोली वनाई जाने तथा छलफल गर्ने ।<br>▪ मा० सभासदहरुलाई मस्यौदाको वारेमा प्रशिक्षण दिन क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समितिले गराउने तर्फ लेखी पठाउने ।<br>▪ जनमत संकलन गर्न जाँदा video recorder , माईक, क्यामेरा, व्यानर आदिको पर्याप्त व्यवस्था गराउने सम्वन्धमा सचिवालयलाई लेखी पठाउने ।<br>▪ जनमत संकलन तथा सुझाव लिने प्रकृया, आचार संहिता आदि पहिले नै निर्धारण गर्ने ।<br>▪ प्रत्येक मन्त्रालयका सचिवहरुलाई मातहतका कर्मचारी तथा कार्यालयलाई व्यापक रुपमा परिचालन गर्ने निर्देशन दिने ।<br>▪ ३ वटै प्रकृयागत समितिको संयुक्त वैठक वसाउन सम्माननीय अध्यक्ष समक्ष लिखित अनुरोध गर्ने ।<br>▪ मस्यौदा उपरको जनमत संकलन गर्न जाने टोलीको विवरण र कार्यतालिका पूर्व प्रकाशित तथा प्रचार प्रसार गरेर जाने ।<br>▪ मस्यौदा पत्र छपाई संख्या र कुन तहसम्म पुऱ्याउने भन्ने सम्वन्धमा प्रकृयागत समितिहरुको संयुक्त वैठक वसेर निर्धारण गर्ने । |

## भाग २

## विस्तारित खण्ड

### समितिले सम्पादन गरेका कार्यहरु

### २.१. सुझाव अध्ययन उप-समिति

मिति २०६५।१०।२५ गते वसेको नागरिक सम्वन्ध समितिको बैठकबाट नागरिक सम्वन्ध समिति समक्ष व्यक्ति तथा संस्थाबाट प्राप्त भएका विभिन्न किसिमका सुझावहरु विषयगत समितिमा पठाउनको लागि अध्ययन गरी विषयगत समिति छुट्याई नागरिक सम्वन्ध समितिमा पेश गर्न मा० श्री देवराज जोशीको संयोजकत्वमा मा० श्री झक्कुप्रसाद सुवेदी, मा० श्री केशवप्रसाद मैनाली, मा० श्री नजिर मिया, मा० श्री मोहम्मद वकिल मुसलमान र मा० श्री विमलकुमार केडिया समेत सदस्य रहनु भएको ६ सदस्यीय सुझाव अध्ययन उप-समिति गठन गरिएको थियो । सोही उप-समितिको मिति २०६५।१०।२५, २०६५।१०।२७, २०६५।१०।२८ गते तथा ०६५।१०।२९ गतेका दिनहरुमा बैठक वसी प्राप्त सुझावहरु अध्ययन गरी विषयगत समितिहरुको कार्यक्षेत्र अनुसार वर्गिकरण गरिएका थिए ।

समिति समक्ष आम नागरिक तथा विभिन्न संघ संस्थाहरुबाट प्राप्त सुझावहरु प्रायःजसो सार्वजनिक चासोका विषयहरु, महिला हिंसा, भ्रष्टाचार, दाइजो प्रथा, छुवाछुत, लैंगिक समानता, निशुल्क शिक्षा, वालश्रम उन्मूलन, राज्यको पुनर्संरचना, संघीय स्वरुप, भाषा, धर्म, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार, मुस्लिम आदिका विषयहरुमा सुझावहरु प्राप्त भएका थिए ।

प्राप्त सुझावहरु विषयगत समितिहरुको कार्यक्षेत्र अनुसार निम्न संख्यामा वर्गिकरण गरिएको थियो ।

| क्र.स. | विषयगत समिति | प्राप्त सुझाव |
|---|---|---|
| १ | संवैधानिक समिति | ५५ वटा |
| २ | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति | १०९७० वटा |
| ३ | अल्प संख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति | २८ वटा |
| ४ | राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समिति | ७० वटा |
| ५ | व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति | १ वटा |
| ६ | राज्यको शासकीय स्वरुप निर्धारण समिति | ५८ वटा |

| | | |
|---|---|---|
| ७ | न्याय प्रणाली सम्वन्धि समिति | १५ वटा |
| ८ | संवैधानिक निकायको संरचना निर्धारण समिति | १ वटा |
| ९ | प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समिति | १० वटा |
| १० | सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धाण समिति | १२ वटा |
| ११ | राष्ट्रिय हितको संरक्षण समिति | ४४ वटा |

## नागरिक सम्वन्ध समिति समक्ष पेश गरेको सुझाव अध्ययन उप-समितिको प्रतिवेदन

१) मिति २०६५।१०।२५ गते वसेको नागरिक सम्वन्ध समितिले नागरिक सम्वन्ध समिति समक्ष व्यक्ति तथा संस्थाबाट प्राप्त भएका सुझावहरु विषयगत समितिमा पठाउनको लागि अध्ययन गरी विषयगत समिति छुट्याई नागरिक सम्वन्ध समितिमा पेश गर्न मा० श्री देवराज जोशीको संयोजकत्वमा सुझाव अध्ययन उप-समिति गठन भएको ।

२) सुझाव अध्ययन उप-समितिको मिति २०६५।१०।२५ गते, २०६५।१०।२६ गते, २०६५।१०।२८ गते तथा २०६५।१०।२९ गते हरेक दिन विहान ११ वजे देखि वेलुकी ४ वजेसम्म वैठक वसी प्राप्त सुझावहरु अध्ययन गरी विषयगत समितिहरुको कार्यक्षेत्र अनुसार वर्गिकरण गरिएको ।

३) समिति समक्ष प्राप्त सुझावहरु प्रायजसो सार्वजनिक चासोका विषयहरु, महिला हिंसा, भ्रष्टाचार, दाइजो प्रथा, छुवाछुत, लैंगिक समानता, निशूल्क शिक्षा, वालश्रम उन्मूलन, राज्यको पुनर्संरचना, संघीय स्वरुप, भाषा, धर्म, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार, मुस्लिम आदिका विषयमा सुझावहरु प्राप्त भएका छन् ।

४) प्राप्त सुझावहरु विषयगत समितिहरुको कार्यक्षेत्र अनुसार निम्न संख्यामा वर्गिकरण गरिएको छ ।

| | | |
|---|---|---|
| १) | संवैधानिक समिति | ५५ वटा |
| २) | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति | १०९७० वटा |
| ३) | अल्प संख्यक तथा सीमान्तकृत समदायको हक अधिकार संरक्षण समिति | २८ वटा |
| ४) | राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समिति | ७० वटा |
| ५) | व्यवस्थापिकीय अङ्गको स्वरुप निधारण समिति | १ वटा |
| ६) | राज्यको शासकीय स्वरुप निर्धारण समिति | ५८ वटा |
| ७) | न्याय प्रणाली सम्वन्धि समिति | १५ वटा |

८) संवैधानिक निकायको संरचना निर्धारण समिति १ वटा
९) प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समिति १० वटा
१०) सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धाण समिति १२ वटा
११) राष्ट्रिय हितको संरक्षण समिति ४४ वटा

## २.२. मिडिया (संचार) परिचालन सम्वन्धी उप-समिति गठन

नागरिक सम्वन्ध समितिको मिति २०६६।३।२२ गते वसेको वैठकले मिडिया (संचार) परिचालन सम्वन्धी विस्तृत कार्ययोजना वनाई समिति समक्ष पेश गर्न मा० नारायण प्रसाद अधिकारीको संयोजकत्वमा मा० श्री पार्वती थापा श्रेष्ठ, मा० श्री देवराज जोशी, मा० श्री ललिता किङरिङ मगर, मा० श्री हर्क बहादुर सिंह, मा० श्री सावित्रा भुसाल, मा० श्री केशव प्रसाद मैनाली र मा० श्री विमलकुमार केडिया समेत सदस्य रहनु भएको ९ सदस्यीय मिडिया ( संचार) परिचालन सम्वन्धी उप-समिति गठन गरिएकोमा सो उप-समितिले तयार पारेको प्रतिवेदन मिति २०६६।५।१४ गते समिति समक्ष पेश भई समितिमा छलफल गरी संशोधन सहित पारित गरेको थियो ।

उद्देश्यः

१. संविधान निर्माणका विषयमा संविधानसभा र सरोकारवालाहरुसँग जनताको प्रत्यक्ष सम्बन्ध स्थापीत गरी जनतासमक्ष संविधानसभाका कुरा पुऱ्याउने र जनताका विचारहरुलाई संविधानसभा समक्ष ल्याई दोहोरो संवाद स्थापना गर्ने,
२. संविधान निर्माण प्रकृयामा जनतालाई सहभागी गराई संविधानसभा प्रति उनीहरुको विश्वास, चासो, संलग्नता र संविधानका प्रतिको स्वामित्व र अपनत्व अभिवृद्धि गर्ने,
३. सूचनाको अभावमा फैलिने गरेको अनर्गल हल्ला र दुष्प्रचारहरुको अन्त्य गरी जिम्मेवार समाजको निर्माणमा सहयोग पुऱ्याउने,
४. सञ्चार माध्यमहरुलाई संविधान निर्माण प्रक्रियामा अझ वढी जिम्मेवार वनाउने,
५. नागरिक समाज र संविधानसभाबीच सहयोग र सहकार्य अभिवृद्धि गर्ने,
६. जनमत संकलनका समयमा कार्यक्रमका विषयमा जानकारी गराउने,

देशको भौगोलिक विकटता, आर्थिक र शैक्षिक पछ्यौटेपन तथा अन्य सञ्चारका माध्यमहरुको पहुँच स्थापना हुन नसकिरहेको ग्रामिण परिवेशसमेतलाई दृष्टिगत गरी जनताको माध्यमका रुपमा चिनिएका सबैभन्दा बढी प्रभावकारिता भएर पनि सबै भन्दा सुलभ माध्यमका रुपमा उपयोग गर्न सकिने र पहिलेदेखि नै प्रतिवद्धता र सहभागिता जनाउँदै आएका रेडियोहरु, परम्परागतरुपमा सञ्चार माध्यमको प्रभावकारी माध्यमका रुपमा रहेका देशका सबै पत्रपत्रिका,

टेलिभिजनहरु र नविन तथा विश्वव्यापी पहुँच भएका अनलाईन मिडियाहरुसँग सहकार्य र पारस्परिक सहयोगलाई प्रवर्द्धन गर्न सञ्चार माध्यहरुको प्रकृति र तिनीहरुको उपस्थिति भूमिका एवं प्रभावकारितासमेतलाई ध्यानमा राखि देहाय बमोजिमका सञ्चार माध्यमहरुमा देहाय बमोजिम सहकार्यको रणनीति अवलम्बन गरिएको थियो ।

- **रेडियो नेपाल र एफएम प्रशारणहरु मार्फत रेडियो कार्यक्रम उत्पादन र प्रसारण**

संविधानसभा र संविधानसभाका सबै विषयगत र प्रकृयागत समितिहरु तथा उपसमितिहरु एवं सम्बन्धित अन्य निकाय र क्षेत्रहरुबाट संविधान निर्माण प्रकृयाका सम्बन्धमा भइरहेका गतिविधि र कृयाकलापहरुलाई रेडियो कार्यक्रमका रुपमा विकास गरी हरेक दिन विहान र साँझ एक एक घण्टा 'प्राइम टाइम' मा देशका सबै एफ.एम. रेडियोहरु मार्फत प्रसारण गरिएको ।

रेडियो नेपाल र एफएम प्रशारणहरुमा कार्यक्रमको रुपरेखा देहाय बमोजिम रहेको थियो ।

- संविधानसभाका गतिविधि, कृयाकलाप र विषयबस्तुमा आधारित समाचारमूलक कार्यक्रम विहान र बेलुका एक एक घण्टा
- संविधानसभा ८ समितिहरुका छलफलको आवश्यकता अनुसार प्रत्यक्ष र रेकर्ड प्रशारण,
- संविधानसभामा प्रस्तुत र समितिहरुले तयार गरेका अवधारणा पत्रको प्रस्तुति,
- जनमत संकलन लगायतका संविधानसभाका अभियानहरुमा अग्रिम जानकारी, टोलीको कार्यक्रम र गतिविधिहरु प्रकाश पार्ने, महत्वपूर्ण सूचनाहरु निरन्तर प्रशारण गर्ने, संविधानको मस्यौदामा भएका प्रावधानहरुको विभिन्न भाषामा प्रसारण गर्ने, स्थानीय जनता र सभासद्‌हरु बीच अन्तर्क्रिया गराउने ।
- विज्ञापन, सूचना र सन्देशहरुको उत्पादन गरी प्रसारण गर्ने ।

- **पत्रपत्रिकाहरु**

देशको राजधानी र विभिन्न जिल्लाबाट दैनिक, साप्ताहिक, पाक्षिक र मासिक पत्रिकाका रुपमा प्रकाशित भइरहेका पत्रपत्रिकामा संविधानसभाका विषयमा सूचना, जानकारीहरु एकिकृत र समन्वयात्मक ढंगले प्रवाह गर्ने संयन्त्रको विकास गर्ने ।

पत्र पत्रिकासँग देहाय बमोजिमको सहकार्य गर्न सकिने व्यवस्था गरिएको थियो ।

- संविधानसभाका सम्पूर्ण गतिविधि समाचारका रुपमा प्रकाशन गर्ने,
- विषय विज्ञ र सम्बन्धित विषयका विश्लेषकबाट विश्लेषण गराई विश्लेषणात्मक लेखहरु पठाउने र त्यस्ता लेखहरुलाई उच्च प्राथमिकता साथ प्रकाशित गर्न आग्रह गर्ने,

- संविधानसभाले तयार गरेका विषयगत मस्यौदाहरु लगायतका दस्तावेजहरुमा आधारित रिपोर्ट प्रकाशित गर्ने,
- सभासद्‌हरुको अन्तर्वार्ता र उहाँहरुले संविधानसभामा तथा समितिहरुमा व्यक्त गर्नुभएका विचारहरुलाई आवश्यकता अनुसार प्रकाशित गर्ने,
- महत्वपूर्ण दस्तावेजहरु र तस्विरहरु उपलब्ध गराई प्रकाशनका लागि आग्रह गर्ने,
- संविधान निर्माणमा सहायक हुने विषयहरुमा लेख, रचना र अन्य खोज मुलक तथा विचार निर्माणमा सहायक हुने विषयहरुलाई विभिन्न रुपमा प्रकाशित गर्ने,
- विज्ञापन सामाग्री, सूचना र सन्देशहरु उपलब्ध गराई ती सामग्री हुबहु प्रकाशित गर्ने ।

● **टेलिभिजनहरु**

शहरीकरणको विस्तार र प्रविधिमा भएको विकासले मानिसहरुमा समाचार र मनोरञ्जनका लागि टेलिभिजन माध्यममा बढी रुची देखिन थालेको छ । टेलिभिजन मार्फत आउने जानकारी र सन्देशहरु सदृष्य हुने भएकाले यसको प्रभावकारिता अन्य माध्यमको तुलनामा बढी भएको तथा देशमा समाचार च्यानलका रुपमा हाल ९ वटा राष्ट्रिय टेलिभिजन च्यानलहरु प्रभावकारी रुपमा अगाडि आएको अवस्थालाई ध्यानमा राख्दै ती सबै टेलिभिजन च्यानलहरुलाई दृष्टिगत गरी देहायका कार्यक्रमहरु देहाय बमोजिम प्रशारणका लागि प्रस्ताव गरिएको थियो ।

- संविधानसभाका सम्पूर्ण गतिविधि समाचारका रुपमा प्रशारण गर्ने,
- विषयविज्ञ र सम्बन्धित विषयका विश्लेषकबाट विश्लेषण गराई विश्लेषणात्मक टेलिकार्यक्रम तयार गर्ने, टेलिभिजन च्यानलहरुलाई प्रशारणका लागि संयोजन गर्ने,
- संविधानसभाका समितिहरुले तयार गरेका विषयगत मस्यौदाहरु लगायतका दस्तावेजहरुमा आधारित टेलिरिर्पोट प्रशारण गर्ने,
- सभासद्‌हरुको अन्तर्वार्ता र उहाँहरुले संविधानसभा तथा समितिहरुमा व्यक्त गर्नुभएका विचारहरुलाई आवश्यकता अनुसार बिभिन्न कार्यक्रमहरुमा प्रशारण गर्ने र त्यस्ता विषयबस्तु समेटेर विशेष कार्यक्रम तयार गरिदिन टेलिभिजन प्रसारणहरुसँग संयोजन गर्ने,
- महत्वपूर्ण कार्यक्रम, अवसर र गतिविधिहरुको भिडियो फुटेज संकलन गरी टेलिभिजन च्यानलहरुलाई उपलब्ध गराउने र प्रशारणका लागि संयोजन गर्ने,
- संविधान निर्माणमा सहायक हुने अन्य विषयबस्तुलाई समेटेर कार्यक्रमहरु तयार गर्न संयोजनकारी भूमिका निर्वाह गर्ने,
- विज्ञापन सामाग्री, सूचना र सन्देशहरु निर्माण गरी प्रशारणका लागि उपलब्ध गराउने ।

- **अनलाईन र समाचार एजेन्सीहरु**

पछिल्लो समयमा विकास भएका अनलाइन पत्रिकाहरु तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार एजेन्सीहरुलाई समेटेर लान समेत यस उप समितिले व्यवस्था गरेको थियो । विदेशमा रहेका नेपालीहरु, शहरी व्यस्त जीवन भएका र उच्च प्राविधिक पहुँच भएका मानिसहरुमा यस्ता माध्यमहरुको प्रभावकारिता पनि उच्च नै रहेको साथै यी माध्यमहरु आमसञ्चार माध्यमका सहायक माध्यम र स्रोत माध्यमका रुपमा पनि बढी प्रभावकारी भएको पाइएको हुनाले यस्ता अनलाईन पत्रिकाहरु तथा समाचार एजेन्सिहरुसँग देहाय बमोजिमको सहकार्य गर्नुपर्ने ठहर गरेको थियो ।

- संविधानसभाका सम्पूर्ण गतिविधि समाचारका रुपमा उपलब्ध गराउनु पर्ने,
- विषय विज्ञ र सम्बन्धित विषयका विश्लेषकबाट विश्लेषण गराई विश्लेषणात्मक लेखहरु पठाउने र त्यस्ता लेखहरुलाई उच्च प्राथमिकता साथ प्रकाशमा ल्याउन संयोजनकारी भूमिका निर्वाह गर्ने,
- संविधानसभाका विषयगत समितिहरुले तयार गरेका विषयगत मस्यौदाहरु लगायतका दस्तावेजहरुमा आधारित रिर्पोट उपलब्ध गराई तिनीहरुको प्रकाशन प्रशारणमा संयोजन गर्ने,
- सभासद्हरुको अन्तर्वार्ता र उहाँहरुले व्यक्त गर्नुभएका विचारहरुलाई आवश्यकता अनुसार अनलाइन र समाचार एजेन्सीहरुलाई प्रभावकारी माध्यम र स्वरुपमा उपलब्ध गराइने छ,
- महत्वपूर्ण दस्तावेजहरु, भिडियो फुटेजहरु, तस्विरहरु र अन्य श्रव्यदृष्य सामग्री उपलब्ध गराइ पुनः प्रकाशन र प्रशारणका लागि संयोजन गरिनेछ,
- संविधान निर्माणमा सहायक हुने विषयहरुमा लेख, रचना र अन्य खोज मुलक तथा विचार निर्माणमा सहायक हुने सामाग्रीहरु उपलब्ध गराइनेछ,

- **वेवसाइटलाई अन्तर्क्रियात्मक वनाउने**

यस उप समितिले वेवसाइट मिडिया क्षेत्रमा नौलो आयाम सहित उजागर भएको तथ्यलाई समेत पहिचान गरेको छ । सोहि तथ्यलाई मध्यनजर गरी वेवसाइटलाई अन्तर्क्रियात्मक वनाउन निम्न वमोजीम व्यवस्था गरिएको छ ।

- संविधानसभाले छलफलमा ल्याएका महत्वपूर्ण विषयबस्तुहरुमा बौद्धिक छलफल र अन्तर्क्रिया गरी विवादमा रुमल्लिएका विषयहरुमा तर्क संगत र गहन विचारहरु प्रवाहित गराउन तथा अन्य सञ्चारका माध्यममा पहुँच नभएका वा ती सञ्चार माध्यममा जान नचाहने मानिसहरुको एउटा ठूलो बौद्धिक समूहलाई संविधान निर्माणको प्रकृयामा सरिक गराउने यो अत्यन्तै उपयोगी र सार्थक माध्यम हुनेछ । विश्वभरी

छरिएर रहेका नेपालीहरु, नेपाललाई माया गर्ने र नेपालको लोकतान्त्रिक विकासमा सहयोग गर्न चाहने सबै स्वदेशी विदेशीले आफ्नो अनुभव, ज्ञान र आफूसँग भएका सूचनाहरु उपलब्ध गराउने सबै भन्दा सरल, शिष्ट र प्रभावकारी माध्यमका रुपमा अन्तर्क्रियात्मक वेव साइट हुन सक्नेछ ।

- यस्तो वेवसाइटका लागि एक छुट्टै समूह चौबीसै घण्टा क्रियाशील रहनेछ । यो साइट सधैं अपडेट गरिनेछ । जसले गर्दा संविधानसभा सबैका लागि सधैं ताजा रहनेछ । यसले गलत सूचनामा रोक लगाई सही सूचना प्रवाह गराउने भएकाले संविधानसभा वाहिरी विवादबाट बच्नेछ भने सूचनाको आधिकारिक स्रोतका रुपमा सबैले ग्रहण गर्न सक्नेछन् ।
- यस्तो वेव साइटमा संविधानसभाका गतिविधि, त्यहाँका समाचारहरु, विश्लेषण सहितका लेखहरु, दस्तावेजहरुमा आधारित रिपोर्ट, अन्तर्वार्ता, दस्तावेजहरु र तस्विरहरु तथा श्रब्य-दृष्य सामग्रीहरु अपडेटेड रुपमा राखिनेछ । यो हाई स्पीडको मौलिक वेवसाइट हुनेछ ।

## २.२.१. नागरिक सम्वन्ध समितिको मिडिया (संचार) परिचालन सम्वन्धी प्रतिवेदन, २०६६

नागरिक सम्वन्ध समितिको मिति २०६६।३।२२ गते वसेको वैठकले मिडिया (संचार) परिचालन सम्वन्धी विस्तृत कार्ययोजना वनाई समिति समक्ष पेश गर्न मा० नारायण प्रसाद अधिकारीको संयोजकत्वमा ९ सदस्यीय मिडिया (संचार) परिचालन सम्वन्धी उप-समिति गठन गरिएकोमा सो उप-समितिले तयार पारेको प्रतिवेदन मिति २०६६।५।१४ गते समिति समक्ष पेश भई समितिमा छलफल गरी संशोधन सहित पारित गरेको छ । समितिले पारित गरेको प्रतिवेदन निम्नानुसार छ ।

- **मिडिया (संचार) परिचालन सम्वन्धी उप-समितिले गरेका क्रियाकलापहरु :**

१. मिडिया परिचालन सम्वन्धी उप-समितिको मिति २०६६।४।२३ गतेको वैठकले सूचना तथा संचार मन्त्री, सूचना तथा संचार मन्त्रालयका सचिव, प्रेस काउन्सीलका अध्यक्ष र सूचना विभागका महानिर्देशक समेत वोलाई छलफल गर्ने निर्णयानुसार मिति २०६६।४।४ गते छलफल सम्पन्न गरियो । उक्त छलफलमा सरकारी संचार माध्यमहरुबाट संविधान तथा संविधान निर्माण सम्वन्धी गतिविधीहरु नियमित रुपमा जनतामा प्रवाहित गरिरहेको र आउँदा दिनमा पनि गरिरहने प्रतिवद्धता व्यक्त भएको थियो । मिडियाहरुलाई विज्ञापन दिँदा निर्वाचन आयोगले वनाएको विधि अपनाई दिँदा सस्तो, उपयोगी र प्रभावकारी हुने सुझाव समेत दिनुभएको थियो ।

२. उप-समितिको मिति २०६६।४।४ को निर्णयानुसार मिति २०६६।४।८ गते संसदीय मामिला पत्रकार समाज, पत्रकार महासंघका प्रतिनिधिहरु एफ.एम. का छाता संगठनहरुसँग छलफल कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा संविधानसभाबाट विगतको राय सुझाव संकलनको कार्यमा विज्ञापन दिँदा ठूला मिडिया हाउसहरुको मात्र पहुँच पुगेको हुँदा

एफ.एम.रेडियोहरुलाई उपेक्षा गरेको महशुस भएको छ भन्ने गुनासा आउनुका साथै अबका दिनमा संविधानसभाका दैनिक गतिविधीहरु जनतासम्म पुऱ्याउन र जनताका भनाईहरु संविधानसभामा भित्र्याउन Two way communication प्रणाली अनुरुप काम गर्न र गाउँ गाउँसम्म जनताका घर दैलोमा संविधानसभाको पहुँच पुऱ्याउन एफ.एम. रेडियोहरुको नेटवर्किङ्ग वढी उपयोगी तथा सस्तो हुने धारणाहरु आएको थियो । साथै संविधानसभाको मस्यौदालाई जनता माझ पुऱ्याउन तथा जनता माझ भएका गतिविधिहरुलाई प्रसारण गर्न पनि एफ.एम. रेडियो नेटवर्किङ्ग नै वढी उपयोगी र सहज हुने देखाइयो । त्यसका लागी संविधानसभाले सकेसम्म आर्थिक तथा भौतिक सहयोग गर्नुपर्ने भन्ने माग रहेको छ ।

३. उप-समितिको मिति २०६६।४।८ गतेको निर्णयानुसार टेलिभिजन प्रशारण गर्ने संस्थाका प्रमुखहरुसँग मिति २०६६।४।१४ गते छलफल गरियो । उक्त छलफलमा टि.भि. बाट प्रसारण भएको संविधान सम्वन्धी गतिविधीहरुको अध्ययन मनन् के कसरी गरिएको छ र त्यसको निचोडलाई संविधानसभामा कसरी प्रवेश गराईएको छ भन्ने जिज्ञासा राख्दै संविधानसभा र संविधान निर्माण सम्वन्धी छलफल, सम्वाद, सरोकार आदि कार्यक्रमहरु संचालन गरिरहेको तथा संविधानसभाका गतिविधीहरु, समाचार तथा प्रत्यक्ष प्रशारण गरी प्रसारको कार्य जारी रहेको र भविष्यमा पनि गर्ने योजना रहेको भन्ने छलफल व्यक्त गरियो ।

४. उप-समितिको मिति २०६६।४।१४ गतेको निर्णयानुसार मिति २०६६।४।२२ गते पत्रकारहरुको छाता संगठनसँग छलफल कार्यक्रम रहेकोमा सो कार्यक्रममा गोरखापत्र संस्थानका प्रतिनिधिहरु र नेपाल प्रेस इन्स्टिच्युटका प्रतिनिधिहरुको मात्र उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा गोरखापत्रबाट संविधानसभा सम्वन्धी समाचारमूलक सामाग्रीहरु, लेख रचनाहरु नेपाली वाहेकको आठ भाषामा समेत प्रकासन प्रसारण गर्ने गरिरहेको छ । केही आर्थिक सहायता प्रदान भए थप कार्यक्रम प्रकासन प्रसारण गर्न सजिलो हुने थियो भन्ने धारणाहरु व्यक्त भएको थियो ।

५. उप-समितिको मिति २०६६।५।४ गतेको निर्णयानुसार मिति २०६६।५।१० गते निर्वाचन आयोगका प्रतिनिधिहरुसँग निर्वाचन आयोगले संविधानसभाको निर्वाचनको सिलसिलामा अपनाएको विधि र प्रकृयाहरुको बारेमा छलफल गरियो । साथै एफ.एम. प्रशारकहरुका प्रतिनिधिहरुसँग पनि थप छलफल गरियो ।

६. उप-समितिको मिति २०६६।५।१० को निर्णयअनुसार मिति २०६६।५।१३ गते वैठक वसी प्रतिवेदन तयारी सम्वन्धमा छलफल गरियो ।

७. उप-समितिको मिति २०६६।५।१३ को निर्णयअनुसार मिति २०६६।५।१४ गते वैठक वसी प्रतिवेदन माथी छलफल गरी पारित गरियो ।

➢ **निर्वाचन आयोगले संविधानसभाको निर्वाचनको सिलसिलामा विज्ञापन तथा सन्देश प्रकाशन प्रसारण गर्दा निम्न कार्यविधि अनुसरण गरेको पाइन्छ :-**

- पत्रपत्रिकाहरुलाई विज्ञापन तथा सन्देशहरु वितरण गर्दा सूचना विभागलाई जिम्मा दिई सूचना विभागले दैनिक, पाक्षिक, साप्ताहिक रुपमा बाँडी भुक्तानीको व्यवस्था पनि सूचना विभागबाट नै गरिएको रहेछ ।
- एफ.एम. हरुको हकमा एफ.एम.हरुका छाता संगठन BAN, सामुदायिक रेडियो प्रशारक संघ र काठमाडौं उपत्यका एफ.एम. प्रसारक संघसँग वेग्ला वेग्लै छलफल गरी आयोगले दिन सक्ने अधिकतम रकम र प्रवाह गर्नु पर्ने सामाग्रीहरु (Content or materials) दिई सम्झौता गरि दिएको, प्राप्त रकमलाई छाता संगठनले आफैं वितरण गर्ने गरेको र Monitoring प्रत्येक जिल्ला निर्वाचन कार्यालयहरुले गर्ने गरेको रहेछ ।
- T.V. हरुको हकमा प्रत्येक T.V संचालक संस्थासँग, भिन्दा भिन्दै छलफल तथा सम्झौता गरी प्रशारण गरिएको रहेछ ।

## २.२.२. नागरिक सम्वन्ध समितिको मिडिया (संचार) परिचालन सम्वन्धी सञ्चार रणनीति :

*संविधान निर्माण प्रकृयाका बारेमा संविधानसभाका गतिविधि आम जनतासमक्ष पुऱ्याउने र जनताको राय सुझाव संविधानसभा समक्ष ल्याउने सम्बन्धमा प्रस्ताव गरिएको दोहोरो सञ्चार रणनीति*

**पृष्ठभूमि:**

संविधानसभा मार्फत् नयाँ संविधान निर्माणको प्रकृया अघि बढी रहेको छ । देशको मूल कानुन संविधानमा जनताको स्वामित्व, सहभागिता अभिवृद्धि गर्न संविधान निर्माणको प्रकृया र त्यस प्रकृया अर्न्तगत भइरहेका गतिविधि र कृयाकलापहरुका बारेमा सबै नेपालीलाई यथेष्ठ जानकारी गराउनु जरुरी छ । हालसम्म संविधानसभाका पाँचवटा विषयगत समितहरुले तयार पारेको अवधारणा पत्र र मस्यौदा पत्र माथि संविधानसभामा छलफल समेत भै सकेको र अन्य विषयगत समितिहरुले पनि द्रुत गतिमा कार्य गरिरहेको अवस्थामा अवधारणा पत्र र मस्यौदा पत्रको वारेमा जनतालाई जानकारी दिनु र जनताका विचारलाई संविधानसभाको छलफलसम्म ल्याइपुऱ्याउनु आवश्यक छ । यसो गर्न सकिएन भने विगतमा झैं जनतामा संविधानप्रतिको स्वामित्व र अपनत्व स्थापीत हुन नसकी संविधानसभाले निर्माण गर्ने संविधान पनि निष्प्रभावि बन्न सक्ने कुरामा संविधानसभा चिन्तित छ ।

**सन्दर्भ:**

एकातिर संविधान निर्माण प्रकृयामा आम सहमति जुटाउनु चुनौति बन्दै गएको छ भने अर्कातिर संविधान निर्माणको प्रक्रियाको वारेमा जनतालाई सुसूचित गर्नु आवश्यक छ । यस्तो अवस्थामा संविधानसभा र संविधानसभाका विषयगत र प्रकृयागत समितिहरुले गरिरहेका कृयाकलाप अनि संविधान निर्माणमा भइरहेका प्रगतिका बारेमा सही समयमा देशभरि छरिएका आमसञ्चारका माध्यम मार्फत सबै जनतालाई पर्याप्त जानकारी गराउनु जरुरी छ । त्यसैगरी संविधान निर्माणका क्रममा छलफलमा आएका विषयहरु, सहमति भएका बुंदाहरु र सहमति हुन नसकेका विषयबस्तुहरुका बारेमा जनतासमक्ष प्रस्ट कुरा पुऱ्याउन सके मात्र जनताले आफ्नो विचार बनाउने, त्यसमा आफ्नो राय प्रकट गर्ने र त्यस्तो राय कुनै माध्यममार्फत संविधानसभा समक्ष आई जनताको भावना अनुरुपको संविधान बनाउने अभिष्ठ पूरा हुनेछ ।

विगतमा संविधानसभा सम्वन्धी विज्ञापनहरु वितरण गर्दा सन्तुलित ढंगले नगरिएको भन्ने सञ्चार जगतबाटै टिका टिप्पणी भएको र राय सुझाव संकलनको कार्यमा सभासदहरुको टोली गाउँ गाउँमा जाँदा सञ्चार क्षेत्रबाट यथासक्य सहयोग नभएको भन्ने कुरालाई मनन् गरी एकद्वार प्रणालीबाट संविधानसभाका गतिविधिहरु तथा विज्ञापनहरु वितरण गर्ने आवश्यक देखिएको छ ।

**अवधारणा:**

संविधानसभाका सूचना, जानकारी, सन्देश, समाचार, विचार र चिन्तन एवं वहसका विषयबस्तुलाई आम जनताबीच पुऱ्याउने साधन भनेका देशमा रहेका आमसञ्चार माध्यमहरु नै हुन् । पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनका माध्यमबाट संविधानसभा र जनताबीचमा दोहोरो सञ्चार प्रवाह र सम्बाद पनि हुनसक्छ । प्रत्यक्ष जनमत संकलन जस्ता विशेष अभियानहरुमा जनताको सहभागितालाई वृद्धि गर्न र उनीहरुबाट आउने विचार र सुझावहरु परिपक्व बनाउनका लागि पनि सञ्चार माध्यमहरुले वातावरण निर्माण गर्न सक्दछन् । सुसूचित जनताले मात्र लोकतान्त्रिक प्रकृयामा सही सहभागिता प्रदान गर्न सक्छन् । त्यसैले संविधान निर्माणको प्रकृयालाई अधिकतम् जनमुखी बनाउन विभिन्न रचनात्मक विधी, सामाग्री र माध्यम मार्फत सुसूचित गराउनु आवश्यक छ । सो कार्यका लागि मुलुकका सबै आमसञ्चारका माध्यमहरुलाई प्रयोग गर्न सक्ने रणनीति र कार्यक्रमको पनि आवश्यकता छ । सञ्चारका माध्यमरुले आ-आफ्नो क्षमता र सुझबुझ अनुरुप संविधानसभा र संविधान निर्माणको सन्दर्भका बारेमा जनतामा बिभिन्न सामग्री प्रवाह गरिरहेका छन् । तर ती सामग्री पर्याप्त छैनन् । अपुरा छन् । कम छन् र कतिपय अवस्थामा सही र परिपक्व पनि पाईंदैनन् । त्यसैले संविधानसभाका गतिविधिलाई विस्तृत रुपमा देशका प्रत्येक कुना कुनामा पुऱ्याउन तथा यस सम्बन्धी छलफल र बहसलाई तीब्र बनाउन एवं जनतासँग दोहोरो र जीवन्त संवाद स्थापीत गर्न व्यवसायिक सञ्चार माध्यमहरुको आफ्नो औपचारिक योगदानले मात्र पुग्दैन । यसका लागि विशेष सञ्चार रणनीति अपनाउनु पर्ने खाँचो छ ।

यस अवधारणा अन्तर्गत संविधानसभाका सम्पूर्ण गतिविधिहरु, छलफल, बहस र दृष्टिकोणहरु तथा दस्तावेजहरुमा आधारित समाचार र कार्यक्रमहरु सरल भाषामा (विभिन्न स्थानीय अन्य भाषाहरुमा समेत) उत्पादन गरी देशका सबै सञ्चार माध्यमहरुमा पुऱ्याउने कार्यक्रम र रणनीति प्रस्ताव गरिएको

छ । देशका बिभिन्न क्षेत्रबाट प्रसारण भैरहेका २२० भन्दा बढी एफएम रेडियोहरु र रेडियो नेपाल, काठमाडौं र देशका बिभिन्न भागबाट प्रकाशित पत्रपत्रिकाहरु र प्रवासी नेपालीहरुले विदेशमा प्रकाशित गरेका पत्रपत्रीकाहरु, मुलुकका ९ वटा टेलिभिजन च्यानलहरु, नेपालीहरुले स्वदेश र विदेशबाट सञ्चालन गरेका अनलाईन पत्रिकाहरु तथा समाचार एजेन्सीहरु र बौद्धिक बहसमा उत्साहपूर्वक सहभागि हुन चाहने सबैलाई लक्षित गरी संविधानसभाका यावत गतिविधि एवं संविधान निर्माणका सान्दर्भिक विषयबस्तुहरु आम जनमानसमा पुऱ्याइनेछ । तिनको प्रवाहबाट संविधान निर्माणको अनुकूल वैचारिक वातावरण तयार हुनेछ । समाजमा तीब्र र रचनात्मक अन्तर्क्रिया र छलफलको माहौल बन्नेछ ।

**उद्देश्य:**

१. संविधान निर्माणका विषयमा संविधानसभा र सरोकारवालाहरुसँग जनताको प्रत्यक्ष सम्बन्ध स्थापीत गरी जनतासमक्ष संविधानसभाका कुरा पुऱ्याउने र जनताका विचारहरुलाई संविधानसभा समक्ष ल्याई दोहोरो संवाद स्थापना गर्ने,

२. संविधान निर्माण प्रकृयामा जनतालाई सहभागी गराई संविधानसभा प्रति उनीहरुको विश्वास, चासो, संलग्नता र संविधानका प्रतिको स्वामित्व र अपनत्व अभिवृद्धि गर्ने,

३. सूचनाको अभावमा फैलिने गरेको अनर्गल हल्ला र दुष्प्रचारहरुको अन्त्य गरी जिम्मेवार समाजको निर्माणमा सहयोग पुऱ्याउने,

४. सञ्चार माध्यमहरुलाई संविधान निर्माण प्रक्रियामा अझ बढी जिम्मेवार वनाउने,

५. नागरिक समाज र संविधानसभाबीच सहयोग र सहकार्य अभिवृद्धि गर्ने,

६. जनमत संकलनका समयमा कार्यक्रमका विषयमा जानकारी गराउने,

**कार्यक्रम:**

संविधान निर्माणको यो महान र ऐतिहासिक अभियानमा सञ्चार माध्यमहरुलाई सहभागि गराई उनीहरुका माध्यमबाट समाजलाई सुसूचित गर्ने तथा नागरिकका विचार र भावनाहरुलाई संविधानसभा सम्म ल्याउने कार्यमा राज्यको चौथो अङ्गको रुपमा रहेको सञ्चार माध्यमहरुको तर्फबाट सहयोग र सहभागिता नितान्त जरुरी छ । सबै खालका सञ्चार माध्यमहरु मार्फत संविधानसभाका जानकारीहरु सार्वजनिक गर्ने, आवश्यक विषयहरुमा सञ्चार माध्यमबाट जनतामा प्रभावकारी रुपमा सूचना पुऱ्याउने र जनताका प्रतिक्रिया, विचार र धारणाहरुलाई सञ्चारका माध्यमहरु मार्फत नै संविधानसभासमक्ष ल्याउने उद्देश्यले त्यस्ता आमसञ्चार जगतसँग सहकार्य गर्ने यो रणनीति तयार गरिएको हो ।

देशको भौगोलिक विकटता, आर्थिक र शैक्षिक पछ्यौटेपन तथा अन्य सञ्चारका माध्यमहरुको पहुँच स्थापना हुन नसकिरहेको ग्रामिण परिवेशसमेतलाई दृष्टिगत गरी जनताको माध्यमका रुपमा चिनिएका सबैभन्दा बढी प्रभावकारीता भएर पनि सबै भन्दा सुलभ माध्यमका रुपमा उपयोग गर्न सकिने र पहिलेदेखि नै प्रतिवद्धता र सहभागिता जनाउँदै आएका रेडियोहरु, परंपरागतरुपमा सञ्चार माध्यमको

प्रभावकारी माध्यमका रुपमा रहेका देशका सबै पत्रपत्रिका, टेलिभिजनहरु र नविन तथा विश्वव्यापी पहुँच भएका अनलाईन मिडियाहरुसँग सहकार्य र पारस्परिक सहयोगलाई प्रवर्द्धन गर्न सञ्चार माध्यहरुको प्रकृति र तिनीहरुको उपस्थिति भूमिका एवं प्रभावकारितासमेतलाई ध्यानमा राखि देहाय बमोजिमका सञ्चार माध्यमहरुमा देहाय बमोजिम सहकार्यको रणनीति अवलम्बन गरिने छ ।

➢ **रेडियो नेपाल र एफएम प्रशारणहरु मार्फत रेडियो कार्यक्रम उत्पादन र प्रसारण**

संविधानसभा र संविधानसभाका सबै विषयगत र प्रकृयागत समितिहरु तथा उपसमितिहरु एवं सम्बन्धित अन्य निकाय र क्षेत्रहरुबाट संविधान निर्माण प्रकृयाका सम्बन्धमा भइरहेका गतिविधि र कृयाकलापहरुलाई रेडियो कार्यक्रमका रुपमा विकास गरी हरेक दिन विहान र साँझ एक एक घण्टा 'प्राइम टाइम' मा देशका सबै एफ.एम. रेडियोहरु मार्फत प्रसारण गर्ने । त्यसका साथै संविधानसभामा भएका छलफलका अतिरिक्त संविधानसभामा समितिहरुले प्रस्तुत गरेका मस्यौदा अवधारणाहरु, दलहरुले प्रस्तुत गरेका लिखित र मौखिक सुझावहरु तथा ती विषयहरुमा माननीय सभासद्हरुले व्यक्त गर्नु भएका धारणाहरु, समिति र उपसमितिहरुमा भएका छलफलहरुलाई आवश्यकता अनुरुप जस्ताको तस्तै र जनताले बुझ्न सक्ने भाषा र शैलीमा सम्पादन गरी रेडियो मार्फत प्रसारण गर्ने गरी एफ.एम. रेडियोहरुसँग अधिकतम् समय र क्षमताको उपयोग गरिने छ । जस अन्तर्गत समाचार, विश्लेषण, बहस, छलफल, पी.एस.ए. (Public Service Announcement), विज्ञापन तथा अन्तर्वार्ताका माध्यमबाट संविधानसभाले ग्रामिण र विपन्न जनतासमक्ष सोझो सम्बन्ध स्थापीत गर्न सक्नेछ ।

रेडियो नेपाल र एफएम प्रशारणहरुमा कार्यक्रमको रुपरेखा देहाय बमोजिम हुनेछ ।

- संविधानसभाका गतिविधि, कृयाकलाप र विषयबस्तुमा आधारित समाचारमूलक कार्यक्रम विहान र बेलुका एक एक घण्टा
- संविधानसभा र समितिहरुका छलफलको आवश्यकता अनुसार प्रत्यक्ष र रेकर्ड प्रशारण,
- संविधानसभामा प्रस्तुत र समितिहरुले तयार गरेका अवधारणा पत्रको प्रस्तुति,
- जनमत संकलनलगायतका संविधानसभाका अभियानहरुमा अग्रिम जानकारी, टोलिको कार्यक्रम र गतिविधिहरु प्रकाश पार्ने, महत्वपूर्ण सूचनाहरु निरन्तर प्रशारण गर्ने, संविधानको मस्यौदामा भएका प्रावधानहरुको विभिन्न भाषामा प्रसारण गर्ने, स्थानीय जनता र सभासद्हरु बीच अन्तर्क्रिया गराउने ।
- विज्ञापन, सूचना र सन्देशहरुको उत्पादन गरी प्रसारण गर्ने

**पत्रपत्रिकाहरु**

देशको राजधानी र विभिन्न जिल्लाबाट दैनिक, साप्ताहिक, पाक्षिक र मासिक पत्रिकाका रुपमा प्रकाशित भइरहेका पत्रपत्रिकामा संविधानसभाका विषयमा आवश्यक मात्रामा जानकारी, समाचार, विश्लेषण र छलफलका विषयबस्तुहरु पर्याप्त मात्रामा प्रकाशित हुन सकिरहेका छैनन् । यसो हुनुको प्रमुख कारण उनीहरु सम्म सूचना, जानकारीहरु एकिकृत र समन्वयात्मक ढंगले प्रवाह गर्ने संयन्त्रको अभावले हो भन्ने महशुस गरिएको छ । पत्रपत्रिकाहरु संविधानसभाका विषयमा बढी भन्दा बढी सामग्री प्रकाशित गर्न इच्छुक छन्, संविधानसभालाई सफल बनाउन आफ्नो भुमिकाको खोजी गरिरहेका छन् यसर्थ संविधानसभाले उनीहरुका लागि व्यवस्थित र संयोजित रुपमा सामग्रीहरु उपलब्ध गराउन जरुरी छ । पत्र पत्रिकासँग देहाय बमोजिमको सहकार्य गर्न सकिने छ ।

- संविधानसभाका सम्पूर्ण गतिविधी समाचारका रुपमा प्रकाशन गर्ने,
- विषय विज्ञ र सम्बन्धित विषयका विश्लेषकबाट विश्लेषण गराई विश्लेषणात्मक लेखहरु पठाउने र त्यस्ता लेखहरुलाई उच्च प्राथमिकता साथ प्रकाशित गर्न आग्रह गर्ने,
- संविधानसभाले तयार गरेका विषयगत मस्यौदाहरु लगायतका दस्तावेजहरुमा आधारित रिपोर्ट प्रकाशित गर्ने,
- सभासद्हरुको अन्तर्वार्ता र उहाँहरुले संविधानसभामा तथा समितिहरुमा व्यक्त गर्नुभएका विचारहरुलाई आवश्यकता अनुसार प्रकाशित गर्ने,
- महत्वपूर्ण दस्तावेजहरु र तस्विरहरु उपलब्ध गराइ प्रकाशनका लागि आग्रह गर्ने,
- संविधान निर्माणमा सहायकहुने विषयहरुमा लेख, रचना र अन्य खोज मुलक तथा विचार निर्माणमा सहायक हुने विषयहरुलाई विभिन्न रुपमा प्रकाशित गर्ने,
- विज्ञापन सामाग्री, सूचना र सन्देशहरु उपलब्ध गराई ती सामग्री हुबहु प्रकाशित गर्ने ।

**टेलिभिजनहरु**

शहरीकरणको विस्तार र प्रविधिमा भएको विकासले मानिसहरुमा समाचार र मनोरञ्जनका लागि टेलिभिजन माध्यममा बढी रुची देखिन थालेको छ। खासगरी शहरीया व्यस्त दिनचर्या भएका मानिसहरु र सदृष्य समाचार र जानकारी उपलब्ध गराउने अत्याधुनिक माध्यमका रुपमा टेलिभिजन मानिसहरुको मन जित्न सफल छ । टेलिभिजन मार्फत आउने जानकारी र सन्देशहरु सदृष्य हुने भएकाले यसको प्रभावकारीता अन्य माध्यमको तुलनामा बढी छ ।

देशमा समाचार च्यानलका रुपमा हाल ९ वटा राष्ट्रिय टेलिभिजन च्यानलहरु प्रभावकारी रुपमा अगाडि आएका छन् भने केही टेलिभिजन प्रशारणको अन्तिम अवस्थामा आइ सकेका छन् । ती सबै टेलिभिजन च्यानलहरुलाई दृष्टिगत गरी देहायका कार्यक्रमहरु देहाय बमोजिम प्रशारणका लागि प्रस्ताव गरिएको छ ।

- संविधानसभाका सम्पूर्ण गतिविधी समाचारका रुपमा प्रशारण गर्ने,
- विषयविज्ञ र सम्बन्धित विषयका विश्लेषकबाट विश्लेषण गराई विश्लेषणात्मक टेलिकार्यक्रम तयार गर्ने, टेलिभिजन च्यानलहरुलाई प्रशारणका लागि संयोजन गर्ने,
- संविधानसभाका समितिहरुले तयार गरेका विषयगत मस्यौदाहरु लगायतका दस्तावेजहरुमा आधारित टेलिरिपोर्ट प्रशारण गर्ने,
- सभासद्हरुको अन्तर्वार्ता र उहाँहरुले संविधानसभा तथा समितिहरुमा व्यक्त गर्नुभएका विचारहरुलाई आवश्यकता अनुसार बिभिन्न कार्यक्रमहरुमा प्रशारण गर्ने र त्यस्ता विषयबस्तु समेटेर विशेष कार्यक्रम तयार गरिदिन टेलिभिजन प्रसारणहरुसँग संयोजन गर्ने,
- महत्वपूर्ण कार्यक्रम, अवसर र गतिविधीहरुको भिडियो फुटेज संकलन गरी टेलिभिजन च्यानलहरुलाई उपलब्ध गराउने र प्रशारणका लागि संयोजन गर्ने,
- संविधान निर्माणमा सहायकहुने अन्य विषयबस्तुलाई समेटेर कार्यक्रमहरु तयार गर्न संयोजनकारी भूमिका निर्वाह गर्ने,
- विज्ञापन सामाग्री, सूचना र सन्देशहरु निर्माण गरी प्रशारणका लागि उपलब्ध गराउने ।

**अनलाईन र समाचार एजेन्सीहरु**

पछिल्लो समयमा विकास भएका अनलाइन पत्रिकाहरु तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार एजेन्सीहरुलाई समेटेर लगिने छ । विदेशमा रहेका नेपालीहरु, शहरी व्यस्त जीवन भएका र उच्च प्राविधिक पहुँच भएका मानिसहरुमा यस्ता माध्यमहरुको प्रभावकारीता पनि उच्च नै रहेको छ । साथै यी माध्यमहरु आमसञ्चार माध्यमका सहायक माध्यम र स्रोत माध्यमका रुपमा पनि बढी प्रभावकारी भएको पाइएको छ । यस्ता अनलाईन पत्रिकाहरु तथा समाचार एजेन्सिहरुसँग देहाय बमोजिमको सहकार्य गर्नुपर्ने छ ।

- संविधानसभाका सम्पूर्ण गतिविधी समाचारका रुपमा उपलब्ध गराइनेछ,
- विषय विज्ञ र सम्बन्धित विषयका विश्लेषकबाट विश्लेषण गराई विश्लेषणात्मक लेखहरु पठाउने र त्यस्ता लेखहरुलाई उच्च प्राथमिकता साथ प्रकाशमा ल्याउन संयोजनकारी भूमिका निर्वाह गरिनेछ,
- संविधानसभाका विषयगत समितिहरुले तयार गरेका विषयगत मस्यौदाहरु लगायतका दस्तावेजहरुमा आधारित रिर्पोट उपलब्ध गराई तिनीहरुको प्रकाशन प्रशारणमा संयोजन गरिनेछ,
- सभासद्हरुको अन्तर्वार्ता र उहाँहरुले व्यक्त गर्नुभएका विचारहरुलाई आवश्यकता अनुसार अनलाइन र समाचार एजेन्सीहरुलाई प्रभावकारी माध्यम र स्वरुपमा उपलब्ध गराइने छ,
- महत्वपूर्ण दस्तावेजहरु, भिडियो फुटेजहरु, तस्विरहरु र अन्य श्रव्यदृष्य सामग्री उपलब्ध गराइ पुन: प्रकाशन र प्रशारणका लागि संयोजन गरिनेछ,
- संविधान निर्माणमा सहायकहुने विषयहरुमा लेख, रचना र अन्य खोज मुलक तथा विचार निर्माणमा सहायक हुने सामाग्रीहरु उपलब्ध गराइनेछ,

### वेवसाइटलाई अन्तर्क्रियात्मक बनाउने

- संविधानसभाले छलफलमा ल्याएका महत्वपूर्ण विषयबस्तुहरुमा बौद्धीक छलफल र अन्तर्क्रिया गरी विवादमा रुमल्लिएका विषयहरुमा तर्क संगत र गहन विचारहरु प्रवाहित गराउन तथा अन्य सञ्चारका माध्यममा पहुँच नभएका वा ती सञ्चार माध्यममा जान नचाहने मानिसहरुको एउटा ठूलो बौद्धीक समूहलाई संविधान निर्माणको प्रकृयामा सरिक गराउने यो अत्यन्तै उपयोगी र सार्थक माध्यम हुनेछ । विश्वभरी छरिएर रहेका नेपालीहरु, नेपाललाई माया गर्ने र नेपालको लोकतान्त्रिक विकासमा सहयोग गर्न चाहने सबै स्वदेशी विदेशीले आफ्नो अनुभव, ज्ञान र आफूसँग भएका सूचनाहरु उपलब्ध गराउने सबै भन्दा सरल, शिष्ट र प्रभावकारी माध्यमका रुपमा अन्तर्क्रियात्मक वेव साइट हुन सक्नेछ ।
- यस्तो वेवसाइटका लागि एक छुट्टै समूह चौबीसै घण्टा कृयाशिल रहनेछ । यो साइट संधै अपडेट गरिनेछ । जसले गर्दा संविधानसभा सबैका लागि सधैं ताजा रहनेछ । यसले गलत सूचनामा रोक लगाई सही सूचना प्रवाह गराउने भएकाले संविधानसभा बाहिरी विवादबाट बच्नेछ भने सूचनाको आधिकारिक स्रोतका रुपमा सबैले ग्रहण गर्न सक्नेछन् ।
- यस्तो वेव साइटमा संविधानसभाका गतिविधी, त्यहाँका समाचारहरु, विश्लेषण सहितका लेखहरु, दस्तावेजहरुमा आधारित रिपोर्ट, अर्न्तवार्ता, दस्तावेजहरु र तस्विरहरु तथा श्रब्य-दृष्य सामग्रीहरु अपडेटेड रुपमा राखिनेछ । यो हाई स्पीडको मौलिक वेवसाइट हुनेछ ।

### मिडिया (संचार) सेन्टर

संविधानसभाका सूचना, जानकारी र गतिविधिहरुलाई सरोकारवाला सबैका लागि उसको आवश्यकता अनुसारको फरम्याटमा उपलब्ध गराउन र आधिकारीक सूचना केन्द्रका रुपमा सबै सञ्चार माध्यम एवं सरोकारवालाहरुले उपयोग गर्न सक्ने गरी विहान ६ बजेदेखि राती ११ बजेसम्म खुल्ने एक मिडिया सेन्टर स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

- मिडिया सेन्टरमा तीन सीफ्टका लागि कर्मचारी र प्रत्येक सीफ्टमा एकजना प्रवक्ता (स्पोक्स पर्सन) रहने छन् । मिडिया र संविधानसभाका विषयमा पर्याप्त ज्ञान र विषयबस्तुका बारेमा जानकार व्यक्ति वा संविधानसभा नागरिक सम्बन्ध समितिले तोकेका उक्त समितिका सभासद् प्रवक्ताका रुपमा रहन सक्नुहुनेछ ।
- स्वदेशी तथा विदेशी मिडिया र बिषय विज्ञ, दल, नागरिक समाज र सरोकारवालाहरुलाई संविधानसभाको प्रकृया र कार्यका बारेमा जानकारी दिने र सम्बन्ध स्थापना गर्ने कार्य मिडिया सेन्टरले गर्नेछ ।
- मिडिया सेन्टरले दिनको एक पटक अपरान्ह नियमित बिफ्रिङ गर्नेछ । त्यसमा सञ्चारकर्मी र सरोकारवालाहरु उपस्थित भई जानकारी लिन सक्नेछन् ।

**कार्यक्रम उत्पादन र प्रसारण संयन्त्रः**

यी सबै प्रयोजनका लागि कार्यक्रम उत्पादन र वितरण गर्न माध्यम अनुसारका कार्यदलहरु रहने छन् । ती सबै कार्यदललाई एउटै संयन्त्र निर्माण गरी संयोजन गरिने छ । त्यसका लागि कर्मचारी, सञ्चारकर्मी, त्यसलाई आवश्यक अन्य उपकरणहरु र दक्ष जनशक्ति तथा सीप, ज्ञान र क्षमताको विकास गर्न समय लाग्ने भएको र संविधानसभाका गतिविधिहरु तत्काले सार्वजनिक गरी जनतालाई सूसुचित गर्ने, उनीहरुको अभिमत प्राप्त गर्ने र संविधानसभाको संविधान निर्माण प्रक्रियामा प्रत्यक्ष संलग्न गराउनु जरुरी भएकाले संविधानसभा र संविधानसभा भन्दा बाहिर संविधान निर्माणमा सहयोग पुऱ्याइरहेका, पत्रकारिता र संविधानका विषयबस्तु दुवैमा ज्ञान, सीप र क्षमता भएका तथा सञ्चार माध्यमहरुसँग सम्बन्ध भएका व्यक्तिहरु मार्फत यो कार्य सम्पादन गरिनेछ ।

**अनुगमन र नियन्त्रणः**

यस कार्यका लागि जिम्मेवार संस्थाले गर्ने काममा निर्देशन दिन, सहयोग पुऱ्याउन तथा अनुगमन र नियन्त्रण गर्न संविधानसभा नागरिक सम्बन्ध समितिले आवश्यकता ठहऱ्याएको अवस्थामा उप-समिति गठन गरी उक्त कार्यको अनुगमन र नियन्त्रण गर्नेछ ।

माथि उल्लेखित कार्यहरु सम्पन्न गर्नका लागि विभिन्न विज्ञहरुसँगको छलफलको आधारमा निम्न अनुसारको अनुमानीत खर्च विवरण प्रस्तुत गरिएको छ ।

१. सबै सञ्चार माध्यमहरु मार्फत प्रकाशन प्रसारण गर्नको लागि कार्यक्रम उत्पादन, सूचना (विज्ञापन) उत्पादन र जनशक्ति व्यवस्थापन गर्नको लागी रु. १,५१,४५,०००/-
२. सबै सञ्चार माध्यमहरु (रेडियो, टेलिभिजन, एफ.एम., पत्रपत्रीका) मार्फत कार्यक्रम प्रकाशन प्रसारण गर्नको लागि रु. १०,४१,३५,०००/-
३. अनलाईन र समाचार एजेन्सीहरु तथा वेवसाईटलाई अन्तक्रियात्मक वनाउनको लागि रु. ५०,००,०००/-
४. मिडिया (संचार) सेन्टर स्थापना गर्नको लागि रु. ५०,००,०००/-
५. विज्ञापन/सूचनाको लागि ३,५०,००,०००/-

**जम्मा अनुमानित लागत रु. १६,५०,८०,०००/-**

## २.३. नागरिक सम्वन्ध समितिको मिति २०६६।५।१४ देखि ०६६।११।६ सम्म वसेका मुख्य वैठकहरु

| मिति | प्रमुख कार्य/छलफलहरु |
|---|---|
| २०६६/५/१४ | ▪ मिडिया (संचार) परिचालन सम्वन्धी उप-समितिले तयार पारेको मिडिया परिचालन सम्वन्धी प्रतिवेदन पेश भयो र सो प्रतिवेदन समितिमा व्यापक छलफल भई सामान्य संशोधन सहित पारित भयो । सो प्रतिवेदन आवश्यक कार्यान्वयनको लागि संविधानसभाका सम्माननीय अध्यक्षज्यू समक्ष पेश गर्ने । |
| २०६६/५/१९ | ▪ संविधानसभाका सवै समितिका सचिवहरुलाई समितिमा आमन्त्रण गरि विगतमा भए गरेका गतिविधिहरुका विषयमा संक्षिप्त रुपमा जानकारी लिने काम भएको ।<br>▪ नागरिक सम्वन्ध समितिले "संविधानसभाले हालसम्म भएका गतिविधिहरु जनतामा सुसुचित गर्न" मिति २०६६।५।२४ गते १ वजे पत्रकार सम्मेलन गरि संविधानसभामा भए गरेका कार्यहरुको जानकारी गराएको । |
| २०६६/९/१५ | ▪ नागरिक सम्वन्ध समितिले भावि संविधानको मस्यौदा वितरण गर्न र जनताहरुको राय सुझाव संकलन गर्ने प्रयोजनको लागि संयन्त्र निर्माण गर्न केन्द्रमा केन्द्रीय समिति गठन गर्ने र जिल्लामा जिल्ला समिति गठन गर्न जिल्ला जिल्लामा अनुगमन गर्ने भएको थियो ।<br>▪ संविधानसभाका सम्माननीय अध्यक्ष र संविधानसभाका संसदीय दलका नेताहरुलाई नागरिक सम्वन्ध समितिको वैठकमा छलफलको लागि आमन्त्रण गर्ने । |
| २०६६/१०/२२ | ▪ आगामी दिनमा संविधानसभाका गतिविधिहरु जिल्ला तथा गाउँ तहसम्म संचालन गर्न नेपाल सरकारका साधनश्रोतहरु परिचालन गर्न र संयन्त्रलाई परिचालन गर्न नेपाल सरकारका सवै सचिवहरुलाई निर्देशन दिने निर्णय भएको थियो । साथै नागरिक सम्वन्ध समितिले जिल्लाहरुमा संविधानसभाका गतिविधिहरु जानकारी दिन, संयन्त्र निर्माण गर्न जाने तयारी गर्ने निर्णय समेत गरेको थियो । साथै नेपाल सरकारका सचिवहरुबाट संविधानसभाका आवश्यक कार्यहरुमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त भएको थियो । |
| २०६६/११/६ | ▪ संविधानसभा नियमावली २०६५ को नियम ६७ को क्र.सं. १ को नागरिक सम्वन्ध समितिको कार्यक्षेत्र भित्रका क्रियाकलापहरु जस्तै संविधानसभाको सूचना सम्प्रेषण गर्ने, समन्वय गर्ने र संयन्त्र निर्माण गर्ने लगायतका कार्यहरु गर्न नागरिक सम्वन्ध समितिको सहभागितामा मिति २०६६।११।१८ गते देखि मिति २०६६।११।२९ गते सम्म अञ्चल तथा जिल्लामा गई भ्रमण गरी फर्कने ।<br>▪ उक्त टोलीहरु भ्रमणको लागि जाँदा १४ वटा टोली बनाई सम्भव हुन सक्ने जिल्लामा जाने ।<br>▪ उक्त टोलीहरु भ्रमणको लागि जाँदा लाग्ने आर्थिक पक्ष लगायतको विषयहरुलाई समावेश गरी कार्य योजना बनाई सचिवालयबाट निकाशा लिने । |

## २.४. संविधानसभाको सूचना सम्प्रेषण गर्ने, समन्वय गर्ने र संयन्त्र निर्माण

संविधानसभा नियमावली, २०६५ को नियम ६७ को क्र.सं. १ को नागरिक सम्वन्ध समितिको कार्यक्षेत्र भित्रका क्रियाकलापहरु जस्तै संविधानसभाको सूचना सम्प्रेषण गर्ने, समन्वय गर्ने र संयन्त्र निर्माण गर्ने लगायतका कार्यहरु गर्न नागरिक सम्वन्ध समितिको सहभागितामा मिति २०६६।११।१८ गते देखि मिति २०६६।११।२९ गते सम्म अञ्चल तथा जिल्लामा गई भ्रमण गरी फर्कने निर्णय भएको थियो । उक्त टोलीहरु भ्रमणको लागि जाँदा १४ वटा टोली बनाई सम्भव हुन सक्ने जिल्लामा जाने निर्णय भएको थियो ।

## २.५. समितिले आफ्नो कार्य क्षेत्र भित्र रही विभिन्न मितिहरुमा वसेको वैठकहरुको निर्णयानुसार हालसम्म सम्पन्न गरेको कार्यहरु

१. संविधान निर्माणको कार्यलाई प्रभावकारी वनाउन समितिको निर्णयानुसार एउटा सूचना बाकस सिंहदरवारको पश्चिम ढोका र दक्षिण ढोकामा एक/एक वटा र संविधान सभा भवन नयाँ वानेश्वरको पश्चिम ढोकामा एक वटा स्थापना गरिएको छ ।

२. संविधान सभाका अन्य समितिहरुमा वैठकहरुको गतिविधिहरु र क्रियाकलापहरुका वारेमा यस समितिलाई जानकारी दिनुपर्ने निर्णय अनुसार त्यसको जानकारी लिने कार्य भएको थियो ।

३. समितिले विभिन्न विज्ञहरु आमन्त्रण गरी नागरिक सम्वन्ध समितिले खेल्नु पर्ने भूमिका वारेमा छलफल प्रारम्भ गरेको थियो ।

४. संविधान निर्माणको सन्दर्भमा सुझाव संकलन कार्यलाई प्रभावकारी वनाउन सम्वन्धित मन्त्रालयबाट के कस्ता सहयोग उपलब्ध गराउन सकिन्छ ? त्यस वारेमा मन्त्रालयका सचिवहरुलाई आमन्त्रण गरी पटक पटक छलफल गरेको थियो ।

५. संविधान निर्माण प्रकृयामा आम नागरिकहरु सहभागिताको लागि विभिन्न संचार माध्यमहरुमा सूचना प्रकाशित गरी नागरिकहरुलाई सूचनाको जानकारी सूसुचित गरिएको थियो ।

६. प्रत्येक जिल्लामा प्र.जि.अ. को संयोजकत्वमा जिल्ला स्थित सरकारी कार्यालयका प्रमुखहरु, पार्टीका प्रतिनिधिहरु, गा.वि.स. का सचिवहरु, पत्रकारहरु लगायतसँग समन्वय गरी सुझाव संकलन गर्ने कार्य योजना तर्जुमा गरेको थियो ।

७. जिल्ला स्थित सवै सरकारी कार्यालयहरुमा संविधान निर्माणका सन्दर्भमा आएका सुझाव संकलन गर्न सम्पर्क कार्यालय तोकि कार्य गर्नुको साथै सवै सरकारी कार्यालयहरुमा सुझाव पेटिका राखी सुझाव संकलन गर्न समितिले आवश्यक निर्देशन गरेको थियो । सो अनुसार कतिपय जिल्लामा कार्य भएको छ भने कतिपय जिल्लामा कार्य भएको नपाईएको ।

८. संविधान निर्माणमा आम नागरिकहरुको सहज पहुँच पुर्‍याउने सम्वन्धमा मिडिया हाउससँग बारम्बार अन्तरक्रिया गरिएको थियो ।

९. संविधान निर्माणमा आम नागरिकहरुको सहज पहुँचको लागि विभिन्न संघ संस्थाका पदाधीकारी एवं विज्ञहरु र निजी क्षेत्रसँग अन्तरक्रियाहरु गर्ने कार्य निरन्तर भैरहेको छ ।

१०. संविधान निर्माणको सन्दर्भमा आम नागरिकहरुको सहज पहुँचको लागि केन्द्र देखि जिल्ला तथा स्थानीय तहसम्म नागरिकहरुको व्यापक सहभागिता जनाई सुझाव संकलन गर्न संयन्त्र निर्माण गरिएको थियो ।

११. संविधान सभाको ४० वटा टोलीहरु राय सुझाव संकलन गर्न जाने कार्यका लागि आवश्यक सहयोग पुऱ्याउन सम्वन्धित मन्त्रालय एवं सम्वद्ध निकायहरुलाई समितिबाट आवश्यक निर्देशन दिएको थियो ।

१२. यस समितिमा २०६५ चैत्र मसान्त सम्म प्राप्त भएका विभिन्न संघ/संस्था, व्यक्ति तथा टोल फ्री फोन लगायत विभिन्न माध्यमबाट प्राप्त राय सुझावहरु अध्ययन गरी सम्वन्धित समितिमा पठाएने कार्य सम्पन्न भएको थियो ।

१३. संविधान निर्माणका सन्दर्भमा देहाय अनुसारका राय सुझावहरु यस समितिमा प्राप्त हुन आएको :-

| क्र.सं | समितिको नाम | टोली बाट | अन्य स्रोतबाट * | इमेलबाट # | नागरिक सम्वन्ध समितिबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | संवैधानिक समिति | २६६६३ | २४६ | – | २२८ | २७१३७ |
| २ | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति | २८१०९ | २२९५१ | – | ४०८२६ | ९१८८६ |
| ३ | अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति | ४१२५० | २१९ | – | १०२७१ | ५१७४० |
| ४ | राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समिति | ४६७४२ | ८२५ | २३ | १३३४० | ६०९३० |
| ५ | व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति | ३७०३३ | ७२ | २० | ९६७ | ३८०९२ |
| ६ | राज्यको शासकीय स्वरुप निर्धारण समिति | ४६४०२ | – | १ | ११९२० | ५७५२३ |
| ७ | न्याय प्रणाली सम्बन्धी समिति | ४८२१५ | ३१८ | – | ७६१ | ४९२९४ |
| ८ | संवैधानिक निकायको संरचना निर्धारण समिति | ३३७०२ | १०८ | ७२ | ५८९४ | ३९७७६ |
| ९ | प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति | ३६९८१ | ८९ | – | १५९४ | ३८६६४ |
| १० | साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति | ३४९०६ | १९७ | – | ११९७ | ३६३०० |
| ११ | राष्ट्रिय हितको संरक्षण समिति | ४८९८५ | ६८ | – | ९३६८ | ५८४२१ |
| | जम्मा | ४२८९८८ | २५०९३ | ११६ | ९५५६६ | ५४९७६३ |

* यस किसिमका सुझावहरु अपरिचित श्रोत नखुलेको सुझावहरुलाई मानिन्छ । नागरिक सम्वन्ध समितिको नाममा आएको ।

\# नागरिक सम्वन्ध समितिले स्थापना गरेको ई-मेलबाट प्राप्त भएको ।

१४. यस समितिमा विभिन्न माध्यमबाट आएका राय सुझावलाई सम्बन्धित विषयगत समितिमा पठाएको मितिगत विवरण यस प्रकार छ :-

| क्र.सं | समितिको नाम | ०६५।११।४ | ०६६।१।४ | ०६६।१।६ | ०६६।१।७ | ०६६।१।१३ | ०६६।१।२७ | ०६६।१।२८ | ०६६।२।४ | ०६६।२।५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | संवैधानिक समिति | ५२ | -* | १०४ | - | ७ | ३ | - | - | ६२ | २२८ |
| २ | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति | १०६६४ | १७८७० | १२२ | २०६८ | ७२८७ | ७७२ | ७४८ | १२३५ | ६० | ४०८२६ |
| ३ | अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति | ७१९ | ७८८४ | ८१ | १२८८ | ८ | ३७ | १२ | ६ | २३६ | १०२७१ |
| ४ | राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समिति | ३१ | ९६२६ | ८५ | १७८२ | ११ | १७१ | १५६८ | ६ | ६० | १३३४० |
| ५ | व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति | १ | ७ | ९१ | ८१ | ८ | २ | ७१४ | ६ | ५७ | ९६७ |
| ६ | राज्यको शासकीय स्वरुप निर्धारण समिति | ४७ | ७८५९ | १११ | १२८० | ९ | १२१ | १६१५ | ६ | ७२ | १११२० |
| ७ | न्याय प्रणाली सम्बन्धी समिति | १० | ३ | ९१ | ८१ | ६ | १३ | ४९५ | ६ | ५६ | ७६१ |
| ८ | संवैधानिक निकायको संरचना निर्धारण समिति | १ | ४५८८ | ६२ | ११६५ | ७ | ६ | - | ६ | ५९ | ५८९४ |
| ९ | प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति | १२८ | ८ | ८७ | ८६ | ५ | १८ | १२०४ | ६ | ५२ | १५९४ |
| १० | साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति | १४ | १३ | ८६ | १७७ | ८ | ९ | ८२६ | ६ | ५८ | ११९७ |
| ११ | राष्ट्रिय हितको संरक्षण समिति | १८ | ७६४५ | ८७ | ११६७ | ६ | १९ | ३३५ | ६ | ८५ | ९३६८ |
| | जम्मा | | | | | | | | | | ९५५६६ |

* संवैधानिक समितिबाट २०६६।१।४ मा फिर्ता आएका सुझावहरु संवैधानिक निकायको संरचना निर्धारण समिति, राज्यको शासकीय स्वरुप निर्धारण समिति र राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिमा पठाईएको ।

२.६. नागरिक सम्वन्ध समितिको मिति २०६७।१२।२५ देखि ०६८।१।१२ सम्म वसेका मुख्य वैठकहरु

| मिति | प्रमुख कार्य/छलफलहरु |
|---|---|
| २०६७/१२/२५ | संवैधानिक संवाद केन्द्र (CCD) संग संविधान निर्माण सम्वन्धी कार्यमा भए गरेका कार्यहरुको वारेमा पटक पटक छलफल गरेको थियो । |
| २०६७/१२/३० | International IDEA संग त्यहाँबाट भए गरेका कार्यको विषयमा छलफल भएको थियो । |
| २०६८/१/६ | संविधान निर्माण सम्वन्धी कार्यमा भए गरेका कार्यहरुको विषयमा नेपाल कानून समाजसँग विस्तृत छलफल भएको थियो । |
| २०६८/१/१२ | प्रकाशन र अनुगमन सम्वन्धी निम्न वमोजिमको उपसमितिहरु गठन गरिएको थियो ।<br><br>(क) प्रकाशन उपसमिति<br><br>१. मा० श्री नारायणप्रसाद अधिकारी - संयोजक<br>२. मा० श्री केशवप्रसाद मैनाली - सदस्य<br>३. मा० श्री देवराज जोशी - सदस्य<br>४. मा० श्री पार्वती थापा श्रेष्ठ - सदस्य<br>५. मा० श्री टिकाराम सुव्वा लेप्चा - सदस्य<br>६. मा० श्री प्रकाश पाखिन - सदस्य<br>७. मा० श्री राजकिशोर यादव - सदस्य<br><br>(क) अनुगमन उपसमिति<br><br>१. मा० श्री हर्कवहादुर सिंह - संयोजक<br>२. मा० श्री कृष्णकुमार चौधरी - सदस्य<br>३. मा० श्री नारदमुनि राना - सदस्य<br>४. मा० श्री नजिर मिया - सदस्य<br>५. मा० श्री लक्ष्मी गुरुङ - सदस्य<br>६. मा० श्री दुधकुमारी हमाल - सदस्य<br>७. मा० श्री आसाकुमारी सरदार - सदस्य |

अनुसूची खण्ड

अनुसूची- १

# संविधानसभा

## नागरिक सम्बन्ध समिति

कार्यसम्पादन गर्ने कार्यतालिका

(संविधानसभा नियमावली, २०६५ को नियम ७४ को उपनियम (१) को खण्ड (क) सँग सम्वन्धित)

मिति २०६५।९।१२ गते बसेको संविधानसभा, नागरिक सम्बन्ध समितिको वैठकले समितिको विस्तृत कार्यतालिका निर्माण गर्न गठिन ९ (नौ) सदस्यिय उपसमितिले पेश गरेको कार्यक्षेत्र कार्यतालिका र विशेषज्ञ क्षेत्रको पहिचान माथि व्यापक छलफल पश्चात संशोधन सहित विस्तृत कार्यतालिका पारित गरियो ।

| सि नं. | मुख्य कार्य | सञ्चालन गरीने गतिविधिहरु | सरोकारवाला निकाय/संस्था | समयावधि | संलग्न निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सभापतिको निर्वाचन । | सचिवालयले सूचना प्रकाशित गरे पश्चात सभापतिको निर्वाचन गरिने । | समिति/सचिवालय । | २०६५।९।१५ गते भित्र | समिति/ सचिवालय । | |
| २ | कार्यतालिका निर्माण । | नियमानुसार समितिको कार्यतालिका निर्माण गरि सम्मानननीय अध्यक्ष समक्ष पेश गरिने । | समिति/सचिवालय । | २०६५।९।१५ गते भित्र । | समिति/ सचिवालय । | |
| ३ | उप-समिति गठन । | समितिको निर्णयानुसार कार्यप्रकृति हेरी उप-समितिहरु गठन गर्न सकिने छ । | समिति/सचिवालय । | अवश्यकतानुसार उपयुक्त समयमा गठन गरिने । | समिति/ सचिवालय । | |
| ४ | सूचना केन्द्र स्थापना र सञ्चालन । | संविधानसभा, समितिहरु र आमसंचारका माध्यमवाट सूचना संकलन तथा सम्प्रेषण । | सवै सरकारी, सामुदायिक तथा निजी संचारका माध्यमहरु । | २०६५।९।१६ देखि २०६७।२।१४ सम्म | समिति/ सचिवालय । | सूचना केन्द्र २०६५ पौष मसान्तभित्र स्थापना गरिने । |

| सि नं. | मुख्य कार्य | सञ्चालन गरीने गतिविधिहरु | सरोकारवाला निकाय/संस्था | समयावधि | संलग्न निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| ५ | संविधान निर्माणमा आम नागरिकको सहभागिताको आव्हान । | विभिन्न सञ्चार माध्यम मार्फत सूचना तथा जानकारी सम्प्रेषण गर्ने, गराउने । | सञ्चार माध्यमहरु । | २०६५।९।१६ देखि निरन्तर । | समिति/ सचिवालय । | |
| ६ | सरकारी निकायबाट आम नागरिकलाई जानकारी गराउने । | विभिन्न सरकारी निकायहरुले आफ्नो अन्तर्गत कार्यालयहरु, विभिन्न सञ्चार माध्यम, पर्चा, पम्प्लेट, होर्डिङ्ग बोर्ड आदि मार्फत नागरिकहरुमा आव्हान गर्ने । | केन्द्र देखि जिल्ला, गाउँसम्मका सरकारी निकायहरु । | २०६५।९।१६ देखि निरन्तर । | समिति/ सचिवालय । | |
| ७ | क्षमता अभिवृद्धि कार्यक्रम । | समितिका सदस्यहरु तथा संलग्न कर्मचारीहरु समेतका लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिने । | समिति/सचिवालय । | २०६५।९।१६ देखि निरन्तर । | समिति/ सचिवालय । | क्षमता अभिवृद्धि समितिसँग समन्वय गरि उक्त कार्य सम्पन्न गर्ने । |
| ८ | समन्वय/पहुँच । | सरकारी, सार्वजनिक संस्थान लगायत निकायहरु संग समन्वय कायम गरी संविधान सुझाव संकलन गर्नको लागि व्यक्ति तथा संस्था तोक्ने र सम्बन्धित निकायले सो को सूचना प्रकाशित गर्ने । | केन्द्रिय स्तरका सवै सम्बन्धित कार्यालयहरु, जिल्लास्थित कार्यालयहरु ,गाविस, नगरपालिका, सेवा केन्द्र, संस्थान, विद्यालय तथा महाविद्यालयहरु । | २०६५।९।२५ देखि २०६५ माघ मसान्त सम्म तोक्ने र तत्पश्चात २०६७ वैशाख मसान्तसम्म सुझाव संकलन गर्ने । | समिति/ सचिवालय । | पत्राचार, सूचना,सुझाव संकलन पेटिका, पोष्टर, पम्प्लेट, स्टिकर साँस्कृतिक तथा साहित्यिक कार्यक्रम र सडक नाटक आदिका माध्यमबाट । |
| ९ | समन्वय/पहुँच । | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी निकाय, निजी क्षेत्रका संगठनहरु, पेशागत संगठनहरु, नागरिक समाज तथा नागरिक संगठनहरुसँग समन्वय/राजनैतिक दल । | केन्द्रदेखि जिल्लास्तर सम्मका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ/संस्था, निजी क्षेत्रका संगठन, राजनैतिक दल र तिनका भातृ संगठनहरु । | " | समिति/ सचिवालय । | " |

| सि नं. | मुख्य कार्य | सञ्चालन गरीने गतिविधिहरु | सरोकारवाला निकाय/संस्था | समयावधि | संलग्न निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १० | वेवसाईट/इमेल । | सचिवालयमा सञ्चालन गरिने । | सचिवालय । | २०६५।९।१६ देखि निरन्तर । | समिति/ सचिवालय । | २०६५ पौष मसान्तसम्म स्थापना गरिसक्नु पर्ने । |
| ११ | सुझाव संकलन पेटिका राख्ने । | सिंहदरबार स्थित पश्चिम र दक्षिण गेटमा एक/एक वटा, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र स्थित पश्चिम र दक्षिण गेटमा एक/एक वटा र आवश्यकता अनुसारका अन्य स्थानहरुमा समेत पेटिका राखिने । | सरकारी /गैरसरकारी संघ/संस्था, निकाय, सरोकारवाला समूहहरु । | २०६५।९।१६ देखि २०६५।९।२८ सम्म (सुझाव पेटीका स्थापना गरिसक्ने) । | समिति/ सचिवालय । | |
| १२ | Focal Point तोक्ने । | जिल्लामा प्रमुख जिल्ला अधिकारीलाई तोकी समन्वय [illegible] लगाउने । | जिल्ला प्रशासन कार्यालय । | २०६५।१०।१देखि निरन्तर । | समिति/ सचिवालय । | यस कार्यको निरन्तर अनुगमन समितिले गर्ने । |
| १३ | गोष्ठि/सेमिनार छलफल, सुझाव संकलन सभा । | केन्द्रदेखि जिल्ला र स्थानीय तहसम्म अन्तरक्रिया, छलफल जस्ता कार्यक्रम गरिने । | संविधानसभाका सदस्यहरु, सरकारी निकाय, गैरसरकारी संघ/संस्था, द्विपक्षीय तथा वहुपक्षीय अन्तर्राष्ट्रिय संघ/संस्था तथा नागरिक समाज, विज्ञ तथा वुद्धिजीविहरु । | २०६५।१०।१० देखि निरन्तर । | समिति/ सचिवालय । | क्षमता अभिवृद्धि समितिसँग समन्वय गरी यस्ता कार्यहरु निरन्तर गरिरहने । |
| १४ | हट्लाइन /टेलिफोन /फ्याक्स जडान गर्ने । | समिति सचिवालयमा जडान गरिने । | सचिवालय । | २०६५ पुष मसान्तसम्म । | समिति/ सचिवालय । | |
| १५ | विदेशमा रहेका नेपालीहरुसँग सुझाव संकलन । | विदेशमा नेपालीहरु रहेका ठाउ सम्म पुगेर उनीहरुको रायसुझाव संकलन गरीने, त्यहाँ सञ्चालित गतिबिधिहरुको अवलोकन, अनुगमन र मुल्यांकन गरीने । | परराष्ट्र मन्त्रालय मार्फत राजदुतावास/नियोग, कन्सुलर, गैरआवाशीय, आप्रवासी संघ, संगठन र त्यहाँ स्थित नेपाली नागरिकहरु । | २०६५।१०।१ देखि २०६७ वैशाख मसान्त सम्म । | समिति/ सचिवालय । | सचिवालयसँग समन्वय गरी उक्त कार्य अगाडी वढाउनु पर्ने । कुनै पनि संपर्क सूत्र नभएका मुलुकमा वेव साईट मार्फत |

| सि नं. | मुख्य कार्य | सञ्चालन गरीने गतिविधिहरु | सरोकारवाला निकाय/संस्था | समयावधि | संलग्न निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | आव्हान गर्ने । |
| १६ | सुझाव संकलन । | आम नागरिक, नागरिक समाज, पेशागत संघ, विद्यार्थी, किसान,मजदुर, धार्मिक, खेलकुद अपाङ्ग संघ/सगठन, समूह, गैर-सरकारी संस्था, सामुदायिक संस्था, नागरिक संगठनहरु र विभिन्न महासंघहरु,महिला, आदिवासी, जनजाती, दलित,मुस्लीम, मधेसी, पिछडावर्ग तथा पिछडिएको क्षेत्र, मानव अधिकारकर्मी आदिबाट सुझाव संकलन गरी विभिन्न समितिसँग सम्वन्धित सुझावहरुलाई वर्गीकरण गरी सम्वन्धित विषयगत समितिमा पठाउने । | समिति सचिवालय । | २०६५।९।१६ देखि २०६७ वैशाख मसान्त सम्म । | समिति/ सचिवालय । | विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित संविधान सम्वन्धि लेख रचनाहरु समेत सुझावको रुपमा लिन सकिने । |
| १७ | सुझाव संकलन सम्वन्धि विशेष व्यवस्था । | निरक्षर, असंगठित क्षेत्र तथा सामान्य पहुँच भन्दा वाहिरका व्यक्ति तथा समुदायका लागि विभिन्न जातीय संघ/संस्था समेत मार्फत सुझाव संकलनको व्यवस्था मिलाउने । | समिति सचिवालय तथा विभिन्न संघ/संस्थाहरु । | २०६५।९।१६ देखि २०६७ वैशाख मसान्त सम्म । | समिति/ सचिवालय । | |
| १८ | अनुगमन तथा मूल्यांकन । | सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ/संस्था, नागरिक समाज र सञ्चार माध्यमबाट सञ्चालित सम्पूर्ण गतिविधिहरुको अनुगमन र मूल्यांकन गर्ने। | समिति सचिवालय । | २०६५ चैत्र देखि निरन्तर । | समिति/ सचिवालय । | स्थलगत भ्रमण गरेर, पत्राचार गरेर,वैठकरगोष्ठी गरेर तथा कामको मूल्यांकन गरेर । |
| १९ | विशेषज्ञताको सेवा क्षेत्र | सञ्चार माध्यमका लागि, कार्यक्रम निर्माण सम्वन्धि | समिति/सचिवालय । | २०६५।१०।१ देखि २०६६ | समिति/ | कार्यव्यवस्था परामर्श |

| सि नं. | मुख्य कार्य | सञ्चालन गरीने गतिविधिहरु | सरोकारवाला निकाय/संस्था | समयावधि | संलग्न निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | पहिचान । | कामको लागि, वेव साईट निर्माण र अद्यावधिक गर्नका लागि, समाचार संकलन, प्रशोधन र सम्प्रेषणका लागि, प्रचार सामाग्री निर्माणका लागि, डकुमेण्टेसनका लागि, विभिन्न भाषाका लागि, गैरसरकारी क्षेत्र,कुटनैतिक क्षेत्र, नागरिक संगठन लागि आदि समेत । | | वैशाख मसान्तसम्म । | सचिवालय । | समितिसँग समन्वय गरी उक्त कार्य गर्ने । |
| २० | मिडिया सेन्टरको अनुगमन । | मिडिया सेन्टरको अनुगमन, मूल्यांकन गरी जानकारी लिने । | समिति/सचिवालय । | २०६५।११।१ देखि निरन्तर | समिति/ सचिवालय । | |
| २१ | अभिलेख व्यवस्थापन । | संकलित सुझावहरुको अभिलेख अद्यावधिक गरि राख्ने । | समिति/सचिवालय । | २०६५।१०।१ देखि निरन्तर । | समिति/ सचिवालय । | |
| २२ | प्रतिवेदन तयारी | समितिले सम्पादन गरेका कार्यहरु तथा गतिविधिहरुलाई समेटेर प्रतिवेदन तयार गर्ने । | समिति र सचिवालय | आवश्यक्तानुसार | समिति र सचिवालय | |

मिति २०६५।१०।१४ गते सम्माननीय सभामुखज्यूको अध्यक्षतामा संविधानसभाका विभिन्न समितिका माननीय सभापतिज्यूहरुको संयुक्त वैठकबाट निर्दिष्ट भएका कार्यहरुलाई पुनः यस कार्य तालिकामा थप समावेश गरिएको ।

| सि नं. | मुख्य कार्य | सञ्चालन गरीने गतिविधिहरु | सरोकारवाला निकाय/संस्था | समयावधि | संलग्न निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | संयन्त्र निर्माण/पहुँच | जिल्ला तथा स्थानिय तहसम्म संयन्त्र निर्माण गर्ने । व्यक्ति तथा संस्था पहिचान गर्ने । | जिल्लाका सरकारी निकाय, गैर सरकारी संघ/संस्था, क्लव, समुदाय, जिल्लामा क्रियाशिल राजनैतिक पार्टी, तिनका भातृ संगठनहरु, महिला, दलित, मुस्लिम लगायत अल्पसंख्यक जातिका प्रतिनिधिहरु, जिल्लाका क्रियाशिल पेशागत संगठन, महासंघहरु, आदिवासी सामाजिक संघ/संस्था आदी । | २०६५।१०।२५ देखि २०६५।११।१५ | नागरिक सम्वन्ध समिति/जनमत संकलन तथा समन्वय समिति र सचिवालय । | |
| २ | राय सुझाव संकलन टोली निर्माण । | विभिन्न जिल्ला, निर्वाचन क्षेत्र र गाउँ टोल सम्म भ्रमण, गोष्ठी, सेमिनार, छलफल कार्यक्रम आदी सन्चालन गर्ने । | सवै समितिका माननीय सदस्यहरु र कर्मचारीहरु । | भ्रमण मिति विभिन्न समितिको सहमती र समन्वयको आधारमा वा सम्माननीय अध्यक्षज्यूबाट निर्धारण गरे अनुसार । | समितिहरु र सचिवालय । | |

मीना पाण्डे

सभापति

## अनुसूची-२

**राय सुझाव पठाउने ठेगाना**

**नगरिक सम्वन्ध समितिको सचिवालय,**

**संसद भवन, सिंहदरवार**

| | |
|---|---|
| फोन नं. | ००९७७-१-४२००२९६, ००९७७-१-४२००११५ |
| Fax no. | ००९७७-१-४२२२९२३, ००९७७-१-४२००२४१ |
| E-mail | crc@can.gov.np |
| Post Box | २००९९ |
| Web site | www.can.gov.np |
| टोल फ्रि कल नं. | १६६०-०१-२२३४४ (यस नं. बाट सुझाव टिपाउंदा फोनको महशुल तिर्नु नपर्ने) |